राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com

सबैतिरबाट, सबैका लागि


वर्ष– ३१, अङ्क– ७, भदौ २० गते शुक्रबार, २०८२ (5 September, 2025) | www.janajibro.com | मूल्य रु. १०।-

# 'असीमित सत्तालिप्सा र स्वार्थपूर्ति गर्न छुरा प्रहार'

## विद्यालाई 'होच्याउने' शब्दावली प्रयोग गरेकामा भीम रावलद्वारा ओलीको तीव्र आलोचना

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** प्रधानमन्त्री केपी शर्मा ओलीले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई 'होच्याउने शब्द' प्रयोग गरेको उल्लेख गर्दै एमालेका पूर्वउपाध्यक्ष भीम रावलले ओलीको तीव्र आलोचना गरेका छन् । प्रधानमन्त्री ओलीले सरकारी निवास बालुवाटारमा नेता तथा कार्यकर्तासँग भएको छलफलमा भण्डारीलाई अनुभवहीनलगायतका शब्द प्रयोग गरी होच्याएको आरोप रावलले लगाएका हुन् ।



'आफूलाई पार्टीको अपरिहार्य अध्यक्षका रूपमा प्रस्तुत गर्दै भण्डारीलाई 'अनुभवहीन' र 'लालगेडी' जस्ता होच्याउने विशेषण प्रयोग गरी आलोचना गरिएछ,' पूर्वउपाध्यक्ष रावलले फेसबुकमा अगाडि लेखेका छन्- 'महाधिवेशनमा प्रतिस्पर्धा गरे पराजित हुने घोषणा गरिनुका साथै पार्टीमा अध्यक्ष हुने प्रयास गरिएमा 'भीम रावलको जस्तो हालत' हुने धम्की समेत दिइएछ । यसबाट केपी ओलीको असीमित सत्तालिप्सा, निरंकुश र तानाशाही चरित्र पुनः छर्लङ्ग हुँदैन र ?'

'जनताको बहुदलीय जनवादको मान्यताअनुरूप दसौं महाधिवेशनमा विधि र प्रणालीअनुसार काम र सबै प्रतिनिधिहरूलाई चाहेको पदमा प्रतिस्पर्धा गर्न दिनुपर्छ भन्ने मान्यतामा दृढतापूर्वक उभिएर अध्यक्ष पदमा उम्मेवारी दिएको' उल्लेख गर्दै रावलले फेसबुक पेजेको सोही स्ट्याटसमा उल्लेख गरेका छन्- 'मैले सिद्धान्त, विधि र प्रणालीको पक्षमा उभिएर पार्टी सुमार्गमा जानुपर्छ भन्दा त्यसलाई व्यक्तिगत स्वार्थ र झगडाको रूपमा लिनेहरूले केपी ओलीका उक्त भनाइबाट पार्टी र देशको दीर्घकालीन हितमा केन्द्रित मेरा धारणा, विचार र अडान केपीको असीमित सत्तालिप्सा र अहम्का कारण सह्य र स्वीकार्य नभएको सत्य-तथ्य अब त सबैलाई प्रस्ट भयो होला नि ?'

क्रमशः अन्तिम पृष्ठमा

# लिपुलेकबाट व्यापारिक नाका खोल्ने भारत–चीनको सहमति, सांसदहरूको आपत्ति

**काठमाडौं ।** नेपाली भूमि लिपुलेक क्षेत्रबाट व्यापारिक नाका खोल्ने गरी दुई छिमेकी मुलुक चीन र भारतबीच भएको सहमतिप्रति आपत्ति जनाउँदै यो विवादको समाधानका लागि गम्भीर भएर कूटनीतिक पहल थाल्न राष्ट्रियसभाका सांसदहरूले सरकारको ध्यानाकर्षण गराएका छन् ।

दुई छिमेकी देश चीन र भारततर्फ निकट भविष्यमा हुन गइरहेको प्रधानमन्त्रीको औपचारिक भ्रमणका क्रममा सीमा विवादको विषयलाई त्रिपक्षीय सहमतिबाट टुङ्ग्याउने गरी पहल थाल्नुपर्ने सुझाव सांसदहरूले दिएका छन् । नेपाली भूमि लिपुलेक, लिम्पियाधुरा र कालापानी मुलुकको सार्वभौमिकता र अखण्डतासँग जोडिएको विषय भएकाले यसमा राष्ट्रिय सहमतिका लागि सर्वदलीय बैठक बोलाएर सुझाव लिनुपर्ने धारणा राख्दै सवारी साधनमा 'इम्बोस्ड नम्बर प्लेट' जडान गर्दा देवनागरी लिपि उल्लेख गर्न समेत सांसदहरूले सरकारको ध्यानाकर्षण गराएका छन् ।

गत शुक्रबार राष्ट्रियसभा बैठकको विशेष समयमा भाग लिँदै नेपाली कांग्रेसका सांसद पदमबहादुर परियारले प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा लिपुलेक, लिम्पियाधुरा र कालापानी सीमा विवादको विषयलाई गम्भीर रूपमा उठाइनुपर्ने धारणा व्यक्त गरे । नेपालले यस विषयमा चीन र भारत दुवै मुलुकलाई एकै ठाउँमा राखेर समस्याका समाधान खोजिनुपर्ने उनको भनाइ थियो ।

बैठकमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का सांसद सुरेशकुमार आलेमगरले भारत र चीनले नेपालको भूमि लिपुलेक हुँदै व्यापार गर्ने कुरामा नेपालको विमति रहेको बताए । छिमेकी देशहरूले नेपालको भूमिसँग सम्बन्धित विषयमा सहमति गर्नेक्रममा नेपाललाई बेवास्ता गरेकामा आपत्ति व्यक्त गर्दै कूटनीतिक प्रक्रियाबाट समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराए ।

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का सांसद मदनकुमारी शाह (गरिमा) ले

क्रमशः अन्तिम पृष्ठमा

# मार्क्सवादको आधारस्तम्भ : कम्युनिष्ट घोषणापत्र

समय- सन्देश

नारायण गिरी

मार्क्स-एङ्गेल्सद्वारा लिखित 'कम्युनिष्ट घोषणापत्र' सबभन्दा पहिले २१ फेब्रुअरी १८४८ मा 'कम्युनिष्ट लीग' को एक पर्चाको रूपमा जर्मन भाषामा प्रकाशित भएको थियो । यो कृति उन्नाइसौं शताब्दीको बीचमा युरोपमा पुँजीवादको उदयको कारण पैदा भएको गहन वर्गसङ्घर्षको उपज हो । इङ्ल्याण्ड र फ्रान्समा भएको औद्योगिक क्रान्तिले पुँजीपति वर्गलाई सत्तामा ल्याइदिएको थियो, जसले सामन्ती सम्बन्धलाई भङ्ग गरिदियो । यसले आफूसँगै एक विशाल सर्वहारा वर्ग पनि पैदा गर्‍यो, जोसँग बेच्नको लागि आफ्नो श्रमशक्तिबाहेक केही पनि थिएन । सन् १८४० को दशकमा भएको अतिउत्पादनको सङ्कटले मजदुरहरूको दयनीय स्थितिलाई अझ बढाइदियो, जसको कारण इङ्ल्याण्डमा चार्टिस्ट आन्दोलन र अन्य मजदुर विद्रोह भएका थिए । यसबाट मजदुरहरू एकताबद्ध हुने वातावरण तयार हुँदै गएको थियो ।

'कम्युनिष्ट लीग' (जस्टिस लीग) नामक अन्तर्राष्ट्रिय मजदुर सङ्गठनको दस्तावेजको रूपमा 'कम्युनिष्ट घोषणापत्र' को उदय भएको थियो । यसको उद्देश्य कम्युनिष्ट पार्टीको सैद्धान्तिक र व्यावहारिक कार्यक्रम प्रस्तुत गर्नु थियो । यो कृति मार्क्सवादका मूल सिद्धान्तहरूको एक सङ्क्षिप्त, गतिशील र राजनीतिक रूपले आवेषित सारांश हो । घोषणापत्रको शुरुवात नै वर्गसङ्घर्षको सिद्धान्तबाट हुन्छ, जुन ऐतिहासिक भौतिकवादको केन्द्रीय कुरा हो । 'अहिलेसम्मको विद्यमान समाजको इतिहास वर्गसङ्घर्षको इतिहास हो' भन्ने वाक्य मार्क्सवादी इतिहास-दृष्टिको आधारशीला हो । यसानुसार दास, सामन्ती र पुँजीवादी जस्ता सामाजिक-आर्थिक सङ्गठनहरूको परिवर्तनको कारण उत्पादन शक्ति र उत्पादन सम्बन्धको बीचको अन्तर्विरोध हो, जसले स्वयंलाई विरोधी वर्गको सङ्घर्षको रूपमा व्यक्त गर्छ ।

'कम्युनिष्ट घोषणापत्र' मा साम्यवादको लक्ष्य वर्गविहीन समाजको स्थापना गर्नु हो भन्ने कुरा स्पष्ट पारिएको छ । यसानुसार वर्ग-विभाजनको

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- ७, भदौ २० गते शुक्रबार, २०८२

सम्पादकीय

# एमालेभित्र साँढेको जुधाइबीच बाच्छाको मिचाइ

सत्ताको नेतृत्व गरिरहेको र पछिल्लो प्रतिनिधिसभाको चुनावद्वारा दोस्रो ठूलो दलका रूपमा देखापरेको नेकपा (एमाले) भित्र यतिबेला साँढेको जुधाइबीच बाच्छाको मिचाइ भनेजस्तो अवस्था सिर्जना भएको छ।

सत्ता-शक्ति र पार्टी-शक्तिको शीर्षस्थानमा रहिसकेका अध्यक्ष एवम् प्रधानमन्त्री खड्गप्रसाद ओली र पूर्वउपाध्यक्ष रहिसकेकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले विगतकालमा एकापसमा मिलेरै पार्टीभित्रको विरोधी कित्ताका सबैलाई 'ठेगान' लगाउँदै र सम्पूर्ण शक्तिको एकलौटी उपभोग गर्दै आए। भण्डारी दुई कार्यकाल बिताएर राष्ट्रपति पदबाट निवृत्त भइसकेकी र उनको उमेर समेत अरु शीर्ष नेताहरूको तुलनामा अलिकति कमै भएको अवस्थामा उनले अब आफू एमालेको अध्यक्ष बन्न पाउनुपर्ने ढिपी कसिरहेकी छन्। तीन पटक प्रधानमन्त्री भइसकेका ओलीले दुई कार्यकाल पार्टी अध्यक्ष चलाइसकेकाले अब आफू नै एमालेको अध्यक्ष बन्नुपर्ने भण्डारीको जिकिर छ। यो परिवेशले पार्टीपङ्क्तिको शीर्षासनदेखि भुइँ तहसम्मै एमाले दुई कित्तामा विभाजित भएको छ। र, अरु नेताहरू विद्यातिर लाग्दा वर्तमान गुमाइने अनि ओलीतिर लाग्दा भविष्य गुमाइने चिन्ताका साथ चेपुवामा परेका छन्।

सिङ्गै मुलुकको बागडोर समालिरहेको पार्टीका दुई शीर्ष नेताबीचको रमिताले मुलुककै जनजीवनमा समेत गम्भीर असर पुऱ्याइरहेको छ। अझ एमाले कित्ताभित्र त भूकम्पकै स्तरमा खैलाबैला चल्ने नै भयो। अतः आपसी लुछाचुँडीको तत्काल व्यवस्थापन गर; साँढेहरूको जुधाइमा बाच्छाहरू मिच्ने काम बन्द गर !

## मार्क्सवादको...

उन्मूलन र शोषणविहीन समाजको स्थापना गर्नु हो। घोषणापत्र केवल विश्लेषण मात्र नभएर यो एक क्रान्तिकारी कार्यक्रम हो। यसले सर्वहारा वर्गको राजनीतिक सत्तामाथि कब्जा गर्ने आवश्यकतामा जोड दिन्छ, जसलाई पछि मार्क्स-एङ्गेल्सले सर्वहारा वर्गको अधिनायकत्व भने।

सङ्क्रमणकालीन चरणको लागि घोषणापत्रमा केही ठोस उपायहरू प्रस्तुत गरिएको थियो, जसमा पूँजीपतिको सम्पत्तिमाथि कब्जाको अधिकार र भू-स्वामित्वमा कर, भारी प्रगतिशील कर, विरासतको अधिकारको उन्मूलन, राष्ट्रिय बैङ्कको स्थापनाद्वारा ऋणमाथि राज्यको केन्द्रीकरण, सञ्चार र परिवहनका साधन राज्यको हातमा केन्द्रीकरण, आदि पर्दछन्। मार्क्स-एङ्गेल्सका अनुसार यी उपाय सबै उन्नत देशमा लागू हुनसक्छन् र यिनीहरू सार्वभौमिक नभएर ऐतिहासिक-विशिष्ट कुरा हुन्।

पुँजीवादी राज्य पुँजीपति वर्गको अधिनायकवादी शासन हो। तर सर्वहारा वर्गको अधिनायकत्व बहुमत (श्रमिक) वर्गद्वारा अल्पमत (पुँजीपति) वर्गको शोषणलाई अन्त्य गर्नको लागि एक अनिवार्य सङ्क्रमणकालीन चरण हो, जसले अन्ततः राज्यको विलोपीकरणतिर लिएर जान्छ। घोषणापत्र सामान्य सम्पत्तिको विरुद्ध छैन, बरु बुर्जुवा सम्पत्ति सम्बन्धको विरुद्धमा छ, अर्थात् अरुको श्रम-शोषणको लागि उपयोग गरिने सम्पत्तिको विरुद्धमा छ। यसले घर, निजी सामान जस्ता व्यक्तिगत सम्पत्तिको अन्त्य गर्दैन। यसको लक्ष्य श्रम-शोषणबाट अल्पसङ्ख्यक पुँजीपतिहरूको हातमा केन्द्रित भएको निजी सम्पत्तिको अन्त्य गर्नु हो। घोषणापत्र पुँजीवादले आफ्नै अन्तर्विरोधबाट साम्यवादको ऐतिहासिक अनिवार्यतालाई जन्म दिन्छ भन्ने वैज्ञानिक विश्लेषणमा आधारित छ।

'कम्युनिष्ट घोषणापत्र' अहिलेसम्मको सबभन्दा बढी प्रभावशाली राजनीतिक दस्तावेजहरूमध्ये एक हो। यसले रूसी क्रान्ति, चिनियाँ क्रान्ति, भियतनामी क्रान्ति, क्युवाली क्रान्ति र संसारका अनगिन्ती श्रमिक आन्दोलन, ट्रेड-युनियन र राजनीतिक दलहरूलाई प्रभावित पारेको छ। यो वैज्ञानिक समाजवादको आधार तयार गर्ने पहिलो प्रकाशित दस्तावेज हो। घोषणापत्रमा वर्णित वैश्वीकरण, बजारको अनिश्चितता, वित्तीय सङ्कट, असमानतामा वृद्धि जस्ता पुँजीवादका लक्षण आज पनि प्रासङ्गिक छन्। यो पुँजीवादको गतिशीलता र सङ्कटको प्रवृत्तिलाई बुझ्ने एक शक्तिशाली उपकरण बनेको छ।

'कम्युनिष्ट घोषणापत्र' ऐतिहासिक भौतिकको सिद्धान्तमा आधारित एउटा क्रान्तिकारी विश्लेषण, आव्हान र कार्यक्रम हो। यसले पुँजीवादका अन्तर्विरोधी प्रकृतिलाई उजागर गर्छ र सर्वहारा वर्गको ऐतिहासिक भूमिकालाई रेखाङ्कित गर्दै वर्गविहीन, शोषणविहीन समाजको स्थापनाको मार्ग प्रशस्त गर्छ। यसको शक्ति यसको वैज्ञानिक दृष्टि र ऐतिहासिक भौतिकवादी पद्धतिमा निहित छ। यो आज पनि पुँजीवादी व्यवस्थाको आलोचना गर्नको लागि एक मौलिक र अपरिहार्य ग्रन्थ हो।

'कम्युनिष्ट घोषणापत्र' ले दुनियाँको सोच बदलिदियो। यसले इतिहास केवल राजा, शासकहरू र युद्धहरूको कथा मात्र नभएर धनी र गरीबको लडाइँ हो भन्ने कुरा स्पष्ट बनायो। यो पुस्तक वास्तविकताको दर्पण हो। त्यही कारणले गर्दा यसलाई पढ्नुभन्दा पनि बुझ्नुपर्ने हुन्छ।

मानव समाज सदैव दुई हिस्सामा बाँडिदै आएको छ। एकातिर पैसा, जमिन र कारखाना भएका मानिस हुन्छन् भने अर्कोतिर आफ्नो शरीर र श्रमबाहेक केही नभएका मानिस हुन्छन्। यो कुनै नयाँ कुरा होइन, बरु इतिहासको सबभन्दा पुरानो तथा निरन्तर चल्दै आएको सच्चाई हो। शुरुवाती समाजमा राजा र दास थिए। त्यसपछि जमिन्दार र किसान भए। र, आजको समयमा ती वर्गलाई पुँजीपति र सर्वहारा भनिन्छ। नाम अलग भए पनि अवस्था उस्तै छ। एउटा वर्ग शक्तिशाली र फाइदामुखी छ भने अर्को वर्ग श्रमजीवी र शोषित छ।

पुँजीपति वर्ग धनी छ, जोसँग कारखाना, सम्पत्ति र ठूलो कारोबार हुन्छ। यी मानिस स्वयं भने धेरै कम मेहनत गर्छन् तर अरुलाई काम गराएर धेरै मुनाफा कमाउँछन्। अर्कोतिर सर्वहारा वा मजदुर वर्गका मानिस दैनिक आफ्नो श्रमबाट जिउँछन्। यिनीहरूसँग जमिन, कारखाना, सम्पत्ति केही पनि हुँदैन। यिनीहरू केवल आफ्नो शरीरको बलमा काम गर्छन् र बदलामा केही पैसा प्राप्त हुन्छ र त्यसैबाट आफ्नो घरपरिवार चलाउँछन्।

उदाहरणको लागि, कुनै शहरमा एउटा ठूलो कारखाना छ। त्यो कारखानाको मालिकसँग यन्त्र, भवन र धेरै पैसा पनि हुन्छ। तर त्यो कारखानामा वास्तविक रूपमा मजदुरले काम गर्छन्। मजदुरले त्यहाँ विहानदेखि बेलुकैसम्म काम गर्छन्, यन्त्र चलाउँछन्, वस्तु तयार गर्छन्, सरसफाई गर्छन्, प्याकिङ गर्छन्। उनीहरूबिना कारखाना एकछिन पनि चल्न सक्दैन। तर महिनाको अन्तिममा फाइदा कारखाना मालिकलाई हुन्छ। र, मजदुरले केवल साँझबिहान दुःखले खानपुग्ने र अर्को दिन पुनः त्यही काममा आउनसक्ने मात्र ज्याला प्राप्त गर्छ। यही नै शोषण हो; अर्थात् श्रम मजदुरको तर फाइदा पुँजीपतिलाई।

यन्त्र र कारखानाहरूको अवधि शुरु भएपछि समाजमा धेरै तीव्र रूपमा परिवर्तन आयो। पहिले मानिस आ-आफ्ना कौशलको मालिक हुन्थे। कोही जुलाहा हुन्थे, कोही फलाम बनाउने, कोही काठको काम गर्ने र कोही भाँडा बनाउने हुन्थे। सबैको आफ्नो काम हुन्थ्यो। तर यन्त्र आएपछि साना शिल्पकारहरू सकिन लागे। अब सबै कुरा पैसा हुनेसँग मात्र थियो, अर्थात् बुर्जुवा (पुँजीपति) वर्गसँग। उनीहरूले कारखाना सञ्चालन गर्नलागे र बाँकी मानिस उनीहरूका मजदुर बने।

विस्तारै-विस्तारै यी धनी वर्ग कारखानाका मालिक मात्र रहेनन्, बरु उनीहरूले समाजका बाँकी चीजहरूमाथि पनि कब्जा जमाउन लागे। उनीहरूले सञ्चार, शिक्षा, स्वास्थ्य, कानून र यहाँसम्म कि सरकार पनि कब्जा गरे। अब उनीहरूले मानिसले के सोच्नुपर्छ, के पढ्नुपर्छ र के बुझ्नुपर्छ भन्ने कुरासमेत निर्धारण गर्न लागे।

अर्कोतिर मजदुर वर्गसँग केवल उसको शरीर र श्रमबाहेक केही बाँकी रहेन। यही नै उसको पुँजी र जीवन थियो। तर अब समय विस्तारै परिवर्तन हुनलाग्यो। मजदुरहरूले एक्लै सङ्घर्ष गर्दा केही पनि हुँदैन भन्ने कुरा बुझ्न लागे। त्यसकारण अब उनीहरू एकजुट हुनलागे; सङ्गठन बनाए; एक-अर्कोसँग जोडिए र आफ्नो अधिकारको कुरा गर्नलागे। यो एउटा धेरै ठूलो परिवर्तन हो।

मार्क्स-एङ्गेल्सले यही परिवर्तनको कुरा गरिरहेका छन्। उनीहरूका अनुसार मजदुर एकजुट भएपछि दुनियाँको तस्विर बदलिन्छ। ध्यानपूर्वक हेर्ने हो भने यो समाजको वास्तविक शक्ति श्रम गर्ने व्यक्तिहरूसँग नै हुन्छ। श्रमिकहरूले एक दिनको लागि मात्र काम बन्द गरे भने सम्पूर्ण समाजको गति नै रोकिनेछ। यसको अर्थ वास्तविक शक्ति सबभन्दा कमजोर ठानिने श्रमिक वर्गसँग नै हुन्छ। तर पुँजीपति वर्गले यो कुरा सबैले बुझून् भन्ने कहिल्यै चाहँदैन। त्यसकारण उसले शिक्षादेखि लिएर सञ्चारसम्म हरेक चीजलाई आफ्नो हिसाबले सञ्चालन गर्छ, ताकि सर्वसाधारण श्रमिकले स्वयंलाई कमजोर ठानिरहून्।

श्रमिक वर्ग एक भएपछि धनीहरूमा भय उत्पन्न हुनलाग्छ। त्यसकारण उनीहरू पुलिस, अदालत र सरकार जस्ता व्यवस्थाहरूको प्रयोग आफ्नो पक्षमा गर्छन्, ताकि परिवर्तनको आवाजलाई दबाउन सकियोस्। तर इतिहासबाट के थाहा हुन्छ भने श्रमिक वर्ग एकजुट भएर हिम्मत देखाएपछि ठूला-ठूला साम्राज्यहरू पनि ढल्नेछन्।

अब समाजलाई यस्तो मार्गमा लिएर जाने समय आएको छ, जहाँ हरेक मानिसले समानताको अधिकार प्राप्त गर्न सकून्। त्यहाँ कोही मालिक वा नोकर हुँदैन। त्यहाँ मानिसको मूल्य उसका वस्त्र, पैसाबाट होइन, बरु उसको श्रम र उद्देश्यबाट निर्धारित हुन्छ।

मार्क्स-एङ्गेल्सको मान्यता अनुसार श्रमिक वर्ग स्वयंले सत्ता आफ्नो हातमा नलिउन्जेलसम्म अन्यायको अन्त्य हुँदैन। त्यसकारण हरेक श्रमिकले आफ्नो तागतको पहिचान गर्नुपर्छ। उसले आफू एक्लो छुइनँ भन्ने कुरा बुझ्नुपर्छ। ऊ करोडौं मानिसहरूको एक हिस्सा हो, जो एकजुट भएर यो व्यवस्थालाई परिवर्तन गर्न सक्छन्। र, यही विचारको सबभन्दा शक्तिशाली सन्देश 'संसारका मजदुर एक हौं!' भन्ने हो। किनकि यो लडाइँ केवल एउटा देशको मात्र नभएर सम्पूर्ण संसारको हो। हरेक देशमा धनीले गरीबलाई शोषण-दमन गरिरहेका छन्। अर्कोतिर हरेक देशमा मजदुर वर्ग जागृत हुन लागेका छन्। सबै श्रमिक वर्ग एकसाथ उभिएपछि कुनै पनि शक्तिले उनीहरूलाई रोक्नसक्ने छैन।

अब यहाँ साम्यवादीहरूको कुरा आउँछ। साम्यवादी शोषणमा आधारित यो सम्पूर्ण प्रणालीलाई परिवर्तन गर्न चाहन्छन्। साम्यवादी मजदुर वर्गकै हिस्सा हुन्। यद्यपि साम्यवादीले श्रमिक वर्गलाई लागि एउटा ठूलो तस्विरको रूपमा हेर्छन्। साधारण मजदुरले केवल ज्याला, तलब वा कारखानाको मात्र चिन्ता गर्छ तर साम्यवादीले सम्पूर्ण समाजको चिन्ता गर्छ, सम्पूर्ण शोषणको विरुद्धमा काम गर्छ।

साम्यवादीको सपना भनेको धनी-गरीब नभएको, हरेक व्यक्तिलाई समानताको अधिकार प्राप्त हुने र कोही कसैको मालिक नहुने समाज निर्माण गर्नु हो। साम्यवादीले सबै कुरा अचानक परिवर्तन हुन्छ भन्दैन। उनीहरूका अनुसार परिवर्तन एक प्रक्रिया हो, जुन मजदुर वर्ग जागरुक भएपछि, एकजुट भएपछि र आफ्नो तागतलाई बुझेपछि मात्र शुरु हुन्छ। साम्यवादीले मजदुरलाई केवल आफ्नो अधिकार माग्ने मात्र होइन, बरु सत्ता आफ्नो हातमा लिन पनि सिकाउँछन्। उनीहरू निजी सम्पत्तिविहीन, लोभलालच र शोषणविहीन समाज निर्माण गर्न चाहन्छन्, जहाँ केवल श्रम र मानवीयता हुन्छ।

साम्यवादीको अर्थ सबै कुरा जबर्जस्ती खोस्नु होइन। साम्यवादको अर्थ भनेको समाजका लागि आवश्यक चीजहरू (शिक्षा, स्वास्थ्य, गाँस, बास, कपास) कुनै धनीको हातमा नभएर सबै समाजकै नियन्त्रणमा होस् भन्ने हो, ताकि कोही भोकै-नाङ्गै नरहोस् र कोही उपचार नपाएर मर्नु नपरोस्, र गरीबीकै कारणले गर्दा कसैले अशिक्षित अवस्थामा रहनु नपरोस्।

यस्तो अवस्थामा निजी सम्पत्तिको अन्त्य गरियो भने मानिसले श्रम गर्छन् कि गर्दैनन् भन्ने प्रश्न उठ्न सक्छ। तर यो कुनै प्रश्न नै होइन। दिनरात मेहनत गरिरहेका करोडौं मानिसहरूसँग निजी सम्पत्ति छैन, तर पनि उनीहरू श्रम गरिरहेका छन्। किनकि उनीहरूले जीवित रहनु छ। त्यसकारण साम्यवादमा मेहनत रोकिँदैन, बरु त्यसलाई सही दिशा प्राप्त हुनेछ। हरेक व्यक्तिले उसको काम अनुसार आफ्ना आवश्यकता पूरा गर्ने अधिकार पाउनेछ।

साम्यवादीका अनुसार जन्मैदेखि कोही व्यक्ति ठूलो वा सानो हुँदैन। मानिसलाई समानताको अवसर प्राप्त हुनुपर्छ, ताकि ऊ आफ्नो मेहनतबाट अगाडि बढ्न सकोस्। साम्यवादीको उद्देश्य परिवार, संस्कृति, सभ्यतालाई मेटाउनु होइन। यदि कुनै चीजले मानव-मानवको बीचमा विभेद फैल्याइरहेको छ, शोषणलाई बढावा दिइरहेको छ भने त्यसलाई हटाउनैपर्ने हुन्छ। किनकि त्यसले मानव समाजलाई नै विकृत बनाइरहेको हुन्छ। सभ्यता र संस्कृतिले मानवलाई मानवसँग जोड्दछ भने राम्रो कुरा हो तर त्यसले नै मानिसलाई सानो-ठूलो बनाएर भङ्ग गर्छ भने त्यसलाई परिवर्तन गर्नु आवश्यक हुन्छ।

साम्यवादीका अनुसार परिवर्तन एउटा देशमा मात्र हुँदैन। मजदुरहरूको अवस्था हरेक देशमा एकसमान हुन्छ। त्यसकारण हरेक देशका मजदुरहरू एक नहुन्जेलसम्म परिवर्तन अधुरो नै रहनेछ। त्यसैले यो लडाइँ केवल एउटा देश, एउटा भाषा वा एक रङ्गको होइन। यो लडाइँको मानवीयताको हो। यही सोचबाट उनीहरूले मानिसहरूलाई समानता र न्यायतिर लैजाने हरेक आन्दोलनलाई साथ दिन्छन्। यदि कुनै समाजवादी पार्टी सच्चा हृदयले श्रमिक जनताको लागि लडिरहेको छ भने साम्यवादीले उसलाई साथ दिन्छन्। तर यदि कुनै पार्टी नाममात्रको समाजवादी छ र भित्रबाट त्यही पुरानो व्यवस्थालाई बचाइरहेको छ भने साम्यवादीले त्यसको विरोध पनि गर्छन्। उनीहरूको लागि नामभन्दा बढी काम र उद्देश्य हुन्छ।

साम्यवादीले कुनै अलग विचारधारा ल्याएका छैनन्। उनीहरूले त्यही कुरा गरिरहेका छन्, जुन हरेक जागरुक मानिसले सोच्छ, जसानुसार कसैको मेहनतको फल कोही अरु पुँजीपतिलाई प्राप्त हुनु हुँदैन। हरेक मानिसलाई सम्मानपूर्वक जिउने अधिकार प्राप्त हुनुपर्छ। र, यो सपनालाई पूरा गर्नको लागि मजदुर वर्ग एकजुट भएर सम्पूर्ण व्यवस्थालाई परिवर्तन गर्नुपर्छ।

मार्क्स-एङ्गेल्सका अनुसार मजदुर आफ्नो ज्याला वा बिदाको लागि मात्र लडिरहेको खण्डमा वास्तविक परिवर्तन आउँदैन। तर ऊ आफ्नो समाज, बच्चाको भविष्य र हरेक मानिसको समानताको लागि उभियो भने मात्र एक सच्चा एवम् न्यायपूर्ण समाज बन्न सक्नेछ।

अब हामी समाजवादका अलग-अलग रूपमध्ये कुनचाहिँ वास्तविक हो र कुन-कुन देखावटी हुन् भन्ने कुरा बुझनेछौं। कुनै समाजमा बढी अन्याय हुँदा र धनी-गरीबको बीचमा बढी दूरी हुँदा मानिस प्रश्न उठाउन लाग्छन्। मानिसले प्रश्न उठाउन लागेपछि कयौं प्रकारका विचार सामुन्ने आउँछन्। हरेकले आ-आफ्नो बोध अनुसार समाधान बताउन लाग्छ। उन्नाइसौं शताब्दीमा पनि यस्तै भयो।

यतिबेला समाजमा धेरै अन्याय-अत्याचार थियो। मजदुरहरूको शोषण भइरहेको थियो। यस्तो अवस्थामा धेरै मानिस समाज सुधारको लागि अलग-अलग मार्ग बताउन लागेका थिए। हरेकको सोच एकसमान थिएन। केही व्यक्ति केवल सतही परिवर्तनको कुरा गरिरहेका थिए; जस्तो कि केही ज्याला बढोस् वा कामका घण्टा कम होस्। केही व्यक्ति धनीहरूमाथि दया देखाउनुपर्छ भनिरहेका थिए। केही व्यक्ति सम्पूर्ण व्यवस्था नै परिवर्तन गर्नुपर्नेछ भनिरहेका थिए र तिनीहरू नै वास्तविक साम्यवादी थिए।

मार्क्स-एङ्गेल्सका अनुसार त्यसबेला समाजवादका तीन प्रमुख रूप सामुन्ने आएका थिए। पहिलो प्रतिक्रियावादी समाजवाद थियो; दोस्रो छद्म समाजवाद थियो भने तेस्रो क्रान्तिकारी समाजवाद थियो। सबभन्दा पहिले प्रतिक्रियावादी समाजवादको बारेमा कुरा गरौं। यसमा केही पुराना जमिन्दार र राजा जस्ता मानिस थिए। उनीहरूलाई पुँजीवादी व्यस्था पनि मन परिरहेको थिएन। उनीहरू पुरानो जमानाको राज्य-व्यवस्था पुनः फर्कियोस् भन्ने चाहन्थे। यसको अर्थ न त उनीहरू धनीहरूको शोषणबाट खुशी थिए र न मजदुरहरूलाई समानता दिन नै चाहन्थे। उनीहरू केवल आफ्नो पुरानो सत्ता फर्काउन चाहन्थे। यिनीहरू देखावटीको लागि समाजवादका कुरा गर्थे तर वास्तवमा उनीहरूको उद्देश्य सर्वसाधारण जनताको हित गर्ने नभएर स्वयंको हित गर्नु थियो।

अर्को छद्म समाजवाद थियो, जसलाई मार्क्स-एङ्गेल्स नक्कली समाजवाद भन्दछन्। यसमा गरीबहरूको नाममा ठूला-ठूला कुरा गर्ने व्यक्ति थिए। तर वास्तवमा उनीहरूको कुनै धरातलीय सम्बन्ध थिएन। उनीहरू किताब र भाषणमा खुब आदर्शवाद देखाउँथे तर मजदुरको वास्तविक स्थितिसँग उनीहरूको कुनै सम्बन्ध थिएन। केही त बुर्जुवा वर्गलाई थोरै नैतिक शिक्षा दिन चाहन्थे, जसबाट धनीहरूले दया गरून् र न्याय दिऊन्। उनीहरू व्यवस्था बदल्ने कुरा गर्दैनथे।

तेस्रो रूप क्रान्तिकारी समाजवादको थियो, जसले वास्तविक रूपमा साम्यवादतिर लिएर जान्थ्यो। यो विचार अनुसार स्पष्ट रूपमा भनिएको थियो, समाजमा वर्गभेद रहन्जेलसम्म समानता र न्याय हुन सक्दैन। त्यसकारण पुँजीपति वर्गको सत्तालाई अन्त्य गरेर मजदुर वर्गलाई अगाडि ल्याउनु आवश्यक हुन्छ। यही नै वास्तविक र सच्चा समाजवाद थियो। यसले ठूला कुरा गर्दैनथ्यो, बरु परिवर्तनको वास्तविक योजना राख्थ्यो।

मार्क्स-एङ्गेल्सका अनुसार समाजमा धेरै विचार आउँछन्। तर तिनीहरूमध्ये सच्चा र देखावटी विचारको बीचमा फरक छुट्याउन सक्नुपर्छ। धेरै पटक

# सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेर सरकारले उल्टो बाटो लिएको छ : थापा

**काठमाडौं ।** सरकारले गरेको सामाजिक सञ्जाल बन्द गर्ने निर्णयको सत्तापक्षीय नेताहरूले नै विरोध जनाएका छन् । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेर सरकारले उल्दो बाटो लिएको बताएका हुन् ।

सो निर्णयमा सरकारले पुनर्विचार गर्न माग गर्दै थापाले सामाजिक सञ्जालमा लेखेका छन् 'सर्वोच्च अदालतले सामाजिक सञ्जालमा प्रकाशन/प्रसारण हुने अनिच्छित सामग्रीको मूल्याङ्कन, अनुगमन, जिम्मेवार बनाउन, दुरूपयोगलाई निरुत्साहित समेत बनाउनलाई कानुनी प्रबन्ध गर्न भनेको छ ।' सोही 'निर्देशिकाका आधारमा सामाजिक सञ्जाल बन्द गर्ने होइन बरु आवश्यक कानुन छिटो बनाउने हो । सामाजिक सञ्चाल सम्बन्धित कानुन राष्ट्रिय सभामा विचाराधीन छ, त्यसमा छिटो काम गरेर उपयुक्त कानुन निर्माण गरौं' उल्लेख गरेका छन् । सामाजिक सञ्जाल सुरक्षित बनाउन, दुरूपयोग रोक्न र नियमन गर्न सम्बन्धित कानुनलाई छिटो निर्माणमा तदारुकता देखाउन समेत थापाको आग्रह रहेको छ ।

'आजको दिनमा सामाजिक सञ्जाल नागरिकहरूलाई आफ्ना अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्दै, सार्वजनिक बहसहरूमा भाग लिने र सरकारलाई जवाफदेही बनाउन महत्वपूर्ण मञ्च प्रदान गर्ने माध्यम बनेको छ । सामाजिक सम्बन्ध, उद्मशीलता, डिजिटल अर्थतन्त्रजस्ता विविध विषय र आममानिसको दैनिकीसँग जोडिएको छ' उनले भनेका छन् । 'सञ्जालमा लगाउने कुनै पनि प्रतिबन्धले अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकारलाई संकुचित पार्छ । सामाजिक सञ्जाल बन्दे गर्ने विषय साइबर जोखिमसँग समेत जोडिएको छ । हामीले यस विषयमा सन्तुलित र विवेकपूर्ण भएर सोच्नुपर्छ' थापाले आफ्नो सामाजिक सञ्जालमा भनेका छन् ।

# स्थगित मध्यपहाडी राजमार्ग अभियान भदौ २१ देखि पुनः सुरु

**काठमाडौं ।** यसअघि पोखरा पुगेर रोकिएको माओवादी केन्द्रको 'जनतासँग माओवादी अभियान' भदौ २१ बाट पुनः सुरु हुने भएको छ ।

बैतडीबाट जेठ १ मा सुरु भई १२ गते पोखरा पुगेर स्थगित भएको अभियान सरकारविरुद्ध आन्दोलनको रूपमा सुरु गर्न लागेको हो । 'अभियान वर्षाका कारण हलभित्र कार्यक्रम गर्ने र मौसम हेरेर बाहिर जनतासँग अन्तरसंवाद गर्ने निर्णय भएको छ' प्रवक्ता अग्नि सापकोटाले भने 'मुख्यगरी सरकारविरुद्ध खबरदारीसभा हुनेछन् । सरकार अभिनायाकवादी बाटोमा अघि बढेको, किसानका मागमा सरकार उदासिन देखिन्छ । यो अभियान संघर्षकै रूपमा छ ।'

पार्टी संगठन निर्माण गतिविधि केन्द्रित यो चरणको अभियानमा भदौ २१ मा लमजुङबाट सुरु भएर २५ गते नुवाकोटमा स्थगित हुनेछ ।

# चाडपर्वपछि शान्तिपूर्ण आन्दोलनमा जाने माओवादीको तयारी

**काठमाडौं ।** नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहालले नजिकँदै गरेको चाडपर्वपछि सबै एकजुट भई सडक आन्दोलनमा उत्रिन नेता र कार्यकर्तासँग आह्वान गरेका छन् ।

गत शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले अब आन्दोलन गर्नुको विकल्प नरहेको बताएका हुन् । अब फेरि एक पटक जेल, नेल र यातना खान तयार हुनुपर्ने उनले बताए । सदनबाट बल गरेर दलित ऐन बनाइदिने, प्राधिकरण बनाइदिने कामले मात्र दलितहरूले अधिकार नपाउने उनको भनाइ छ ।

'हामी सबै एक ढिक्का भएर सडकमा जाने हो । हामी आन्दोलनमा जाने हो । बरु अब एक पटक फेरि जेल, नेल, यातना खान पनि तयार हुने अब । नत्र सजिलै माथिबाट नियम बनाइदिने नेताहरूले, सदनबाट बल गरेर दलित ऐन बनाइदिने, प्राधिकरण बनाइदिने अनि मुक्ति पाइन्छ भन्न थाले भने अधिकार पाइँदैन । हामीलाई शक्ति चाहिन्छ । हिजो जनयुद्ध गरेर शान्ति प्रक्रियामा आउँदा संगठन त त्यति ठूलो थिएन' अध्यक्ष दाहालको भनाइ थियो 'राप थियो, ताप थियो, वाइसिएल थियो, सेना थियो । क्यान्टोमेन्टमा भए पनि बन्दुक नै थियो । म चुनावमा भोट हाल्न जाँदा जनमुक्ति सेनाका दुई वटा गाडी अघिपछि राखेर भोट हाल्न जाने, त्यो बेलाको प्रचण्ड भनेपछि मान्छेले कस्तो बुझ्थ्यो भन्नुस् त । अहिले त... छैन ।'

फेरि सेना बनाउनुपर्ने भन्ने कुरा आफूले नभनेको स्पष्ट पार्दै अध्यक्ष दाहालले शान्तिपूर्ण आन्दोलन जरुरी रहेको बताए । उनले चाडपर्व सकिएपछि सडकलाई नै मुख्य रूपमा प्रयोग गरेर अघि बढ्ने अध्यक्ष दाहालको भनाइ थियो ।

# महिला संघ (क्रान्तिकारी) को अध्यक्षमा पाँच आकांक्षी

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)निकट भातृ संस्था अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को अध्यक्षमा पाँच जना आकांक्षी देखिएका छन् ।

अनेम संघ क्रान्तिकारीको काठमाडौंमा जारी राष्ट्रिय सम्मेलनले चयन गर्ने महिला नेतृत्वका लागि स्थायी कमिटी सदस्य कमला रोका, केन्द्रीय सदस्यहरू दामा शर्मा, सुशीला सिंखडा, बिमला सुवेदी र रेणु चन्दलगायत पाँच जना आकांक्षा राखेका छन् । संघको केन्द्रीय समिति सहमति वा प्रत्यक्ष निर्वाचनबाट हुने वैधानिक प्रावधान भए पनि सर्वसम्मत नेतृत्व चयन गर्ने प्रयास भइरहेको एक नेताले बताए । आकांक्षीमध्येबाट एक अध्यक्ष र अरु नेतृलाई पदाधिकारीमा व्यवस्थापन गर्ने तयारी भइरहेको एक नेतृले बताइन् ।

'सकेसम्म सर्वसम्मत नेतृत्व चयन गर्ने प्रयास भइरहेको छ' ती नेतृको भनाइ थियो 'प्रत्यक्ष चुनावबाट केन्द्रीय समिति चयन गर्ने माग पनि छ ।' स्थायी समिति सदस्यबाट अध्यक्ष चयन गर्ने कि केन्द्रीय सदस्यबाट भन्नेमा माओवादी नेतृत्व अझै दुविधामा रहेको बुझिएको छ । बिहीबार बस्ने माओवादीको केन्द्रीय पदाधिकारी बैठकले महिला संघको नेतृत्व चयन गर्नेबारे छलफल भइरहेको उल्लेख गरिएको छ । अनेम संघ क्रान्तिकारीको सम्मेलनले २ सय १५ सदस्यीय केन्द्रीय समिति चयन गर्नेछ ।

# भण्डारीको सदस्यता रोक्ने निर्णय सच्याइयोस् : पोखरेल

**काठमाडौं ।** नेकपा (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पूर्वराष्ट्रपति तथा पूर्वसपाध्यक्ष विद्यादेवी भण्डारीको पार्टी राजनीतिमा प्रवेश तथा पार्टी सदस्य रोकेको विषयमा फरक मत राखेका छन् ।

केन्द्रीय पदाधिकारी बैठकमा बिहीबार लिखित फरक मत राख्दै पोखरेलले सदस्यता रोक्नु गलत भएको उल्लेख गरेका हुन् । 'केन्द्रीय कमिटीको बैठकमा छलफलको कार्यसूचीमा समेत नराखिएको पूर्वउपाध्यक्ष/पूर्वराष्ट्रपति कमरेड विद्यादेवी भण्डारीको २०८१ को प्रारम्भमै केन्द्रीय संगठन विभागद्वारा नविकृत गरिएको पार्टी सदस्यता खारेज गर्ने निर्णय सुनाइएको थियो' पोखरेलको फरम मतमा उल्लेख गरिएको छ 'मेरो विचारमा-त्यस्तो निर्णयले पार्टीभित्र अस्वस्थता र स्वेच्छाचारितालाई बढावा दिने काम गर्नेछ । यो राजनीतिक पूर्वाग्रहको एउटा गम्भीर दृष्टान्तको रूपमा पनि उल्लेख हुनसक्छ ।'

'पूर्वउपाध्यक्ष भण्डारीलाई नेकपा (एमाले)को सदस्य समेत नरहने गरी, पार्टी, राजनीतिमा समेत संलग्न हुन नपाउने गरी गरिएको निर्णय र त्यसपछि जारी गरिएको 'अन्तरपार्टी निर्देशन- १२' मा उल्लेख गरिएको सो विषय नेपालको संविधान, कानुनी प्रबन्ध र हाम्रो पार्टीको विधान प्रतिकूल रहेकोले त्यस निर्णयसहित सहमत हुन नसकी विधान महाधिवेशन अगाडि आयोजना गरिएको यो सचिवालय बैठकसमक्ष मेरो मत प्रस्तुत गर्दैछु' पोखरेलले उल्लेख गरेका छन् 'पार्टी र आन्दोलनमा पर्ने दूरगामी नकारात्मक प्रभाव र परिणामको गम्भीर सम्भावनालाई समेत ख्याल गर्दै उक्त निर्णयप्रति आफ्नो असहमति राख्दै पार्टी विधानको धारा ७८(१)मा भएको व्यवस्था बमोजिम मेरो फरक मतमा छलफल गरियोस् र पूर्वनिर्णयलाई सच्याइयोस् भनी अनुरोध (माग) गर्दछु ।'

पोखरेलले लोकतन्त्रका विश्वव्यापी मान्यता तथा अभ्यास, नेपालको संविधान तथा प्रचलित कानुनअनुसार कुनै पनि नागरिकको राजनीतिक अधिकारीमाथि बन्देज लगाउन नमिल्ने तर्क गर्दै फरक मतमा उल्लेख गरेका छन् 'हाम्रो पार्टीको विधान र हाम्रो पार्टीले लामै समयदेखि अवलम्बन गर्दै आएको पार्टी जीवनको लोकतान्त्रिकरणको अभ्यासले पनि यस्तो कुरालाई स्वीकार गर्दैन । राष्ट्रपतिको पदावधि पूरा गरिसकेपछि एउटा जिम्मेवार नेपाली नागरिकका हैसियतले नेकपा (एमालेका अध्यक्ष लगायतका पार्टीका अन्य नेताहरू, विभिन्न पार्टीका नेता, विभिन्न क्षेत्रका विज्ञ/विशेषज्ञ, आम नागरिकसित समेत लगातारको छलफलपछि सबैको सल्लाह, सुझावमा नै आफूले पार्टी केन्द्रीय कार्यालयबाटै (केन्द्रीय संगठन विभागबाटै) आधिकारीक रूपमा पार्टी सदस्यता नवीकरण गरी पार्टी परिवारको सदस्य भएको तथ्य सार्वजनिक गरिसक्नु भएको हो ।'

पार्टी अध्यक्ष ओली प्रमुख अतिथि रहेको मदन भण्डारीको जन्मजयन्तीका दिन असार १४ मा राष्ट्रिय सभागृहमा आयोजित सार्वजनिक कार्यक्रममा पूर्वराष्ट्रपति भण्डारीले औपचारिक रूपमै आफूले पार्टी सदस्यता नवीकरण गरिसकेको जानकारी दिएको तर्क गर्दै भनिएको छ 'विद्यादेवी भण्डारी अहिले पार्टी परिवारको सदस्य हुनु वा पार्टीमा औपचारिक रूपमा जोडिनु कुनै पनि दृष्टिले नेपाल, नेपाली जनता, संघीय लोकतान्त्रिक गणतन्त्र र नेपाली समाजका लागि नोक्सानदायी विषय हुन सक्तैन । दलीय प्रणाली अन्तर्गत औपचारिक राजनीतिक निर्णयका आधारमा विशेष कामका लागि प्रदान गरिएको विशेष जिम्मेवारी पार्टीको विधानको धारा ९ को (३) को व्यवस्थालाई हामी सबैले बुझ्नुपर्ने आवश्यकता छ ।'

पार्टी केन्द्रीय संगठन विभागबाटै नवीकरण भएको पूर्वराष्ट्रपति भण्डारीको सदस्यता विवादमा पारिएको पोखरेलको जिकिर छ 'पार्टी अध्यक्षसहित उहाँको पटक-पटक भएका आपसी संवाद र पार्टी राजनीतिमा उहाँ पुनः जोडिने विषयमा त्यहाँ भएका/गरिएका र सार्वजनिक संचारमाध्यम मार्फत बाहिर आएका छन् ।'

'अध्यक्ष कमरेडका स्पष्ट अभिव्यक्तिहरू, २०८२ जेष्ठ १० देखि १९ सम्म औपचारिक रूपमा चिनियाँ कम्युनिस्ट पार्टी र चीन सरकारका तर्फबाट गरिएको निमन्त्रणालाई स्वीकार गरी पार्टी नेतृत्वसितको सल्लाह र योजनामा उहाँले नेकपा (एमाले)लाई प्रतिनिधित्व गर्दै औपचारिक भ्रमण र त्यस अवधिमा त्यहाँ उहाँले व्यक्त गर्नुभएका विचार आदि प्रसंगहरूले उहाँ पार्टी परिवारमा औपचारिक रूपमै सम्बन्धित बनिसक्नु भएको तथ्य स्वतः पुष्टि भइसकेको कुरा हो' वरिष्ठ उपाध्यक्ष पोखरेलले भनेका छन् ।



# मार्क्सवादको...

मानिस समाजवादको नाम लिएर पनि वास्तवमा मजदुरलाई भट्काउने कुरा गर्छन्। उनीहरू भन्छन्, केही परिवर्तन गरौं, व्यवस्थालाई केही ठीक बनाऔं। तर उनीहरू गरीब अझ गरीब हुँदै गइरहेको वास्तविक कारणलाई बेवास्ता गर्छन्।

त्यसकारण साम्यवादीहरूको काम केवल परिवर्तनको कुरा गर्नु मात्र नभएर कुन विचार सच्चा तथा वास्तविक हो र कुन केवल देखावटी मात्र हो भन्ने कुरा पनि बताउनुपर्छ। यदि कुनै विचारधारामा धनीहरूको शक्तिलाई खुला छोडिएको छ, मजदुरहरूको सत्ताको कुरा गरिएको छैन र व्यवस्थालाई जरैदेखि परिवर्तन गर्ने कुरा छैन भने त्यो समाजवाद होइन, त्यो केवल एउटा सजावटी सोच हो।

धेरै पटक जनतालाई एक-आपसमा विभाजन गर्न प्रयासरत विचार पनि आउँछन्। जस्तो कि कसैले परिवर्तन केवल एउटा जाति वा धर्मको लागि हुनुपर्छ भन्छ; कसैले केवल एउटा देशका मजदुरहरू मात्र उठ्नुपछ भन्छ। यस्तो विचार पनि अधुरो हुन्छ। वास्तविक परिवर्तन त्यतिबेला मात्र हुन्छ, जतिबेला मानवीयताको कुरा हुन्छ र हरेक श्रमिक वर्गलाई उसको अधिकार प्राप्त हुन्छ, चाहे ऊ कुनै पनि देश, संस्कृति वा जातिबाट नै किन नहोस्।

मार्क्स-एङ्गेल्सका अनुसार समाजलाई परिवर्तन गर्नको लागि नारा मात्र भएर हुँदैन, यसको लागि समझदारीको आवश्यकता हुन्छ। कुन विचारले वास्तवमा समानता र न्यायतर्फ लिएर गइरहेको छ र कुन समय काट्न र देखावटी गर्नको लागि हो भन्ने कुरा स्पष्ट रूपमा बुझ्नुपर्छ। किनकि परिवर्तन सच्चाईमा टिकेपछि मात्र हुन्छ।

समाजवाद केवल एउटा शब्द मात्र नभएर यो एक जिम्मेवारी हो। यो जिम्मेवारी अरूको लागि पनि सोच्नसक्ने, सबैलाई समानताको अधिकार प्राप्त होस् र आफूसँग जमिन, पैसा वा सम्बन्ध नभएकै कारणले कोही पनि पछाडि नरहोस् भन्ने चाहने प्रत्येक व्यक्तिको लागि हो।

अब हामी साम्यवादीले बाँकी राजनीतिक दल र आन्दोलनलाई कसरी हेर्छन् भन्ने कुरातिर अगाडि बढ्छौं। अर्थात् पहिलेदेखि नै कुनै दल वा सङ्गठन गरीबहरूको लागि लडिरहेको छ भने साम्यवादीले त्यसलाई साथ दिन्छन् वा दिँदैनन् र साथ दिएको खण्डमा कुन शर्तमा दिन्छन्? हरेक देशको आफ्नो स्थिति हुन्छ। हरेक ठाउँमा समाज केही फरक हुन्छ। सरकार अलग हुन्छन्। र, पार्टीहरूका सोच पनि अलग-अलग हुन्छन्। तर हरेक देशमा एउटा कुरा साझा हुन्छ। त्यहाँ धनीहरूले गरीबहरूलाई शोषण-दमन गरिरहेका हुन्छन् र श्रमिकहरूले परिवर्तन चाहन्छन्।

यस्तो अवस्थामा कयौं दल वा सङ्गठन अगाडि आउँछन्, जो आफूलाई गरीबहरूको हितैषी वा समाज-सुधारक बताउँछन्। अब यहाँ साम्यवादी यी दलहरूसँगै उभिन्छन् तर सोचविचार गरेर मात्र। मार्क्स-एङ्गेल्सका अनुसार साम्यवादीले वास्तविक रूपमा शोषणको विरुद्धमा लडिरहेका, इमान्दारीपूर्वक गरीबहरूको पक्षमा उभिएका र सत्ता प्राप्त गर्ने मात्र नभएर समाजमा समानता ल्याउने उद्देश्य भएका हरेक आन्दोलन वा सङ्गठनको समर्थन गर्नेछन्। यसको अर्थ यदि कुनै पार्टी गरीबहरूको सच्चा आवाज बनेर उभिएको छ भने त्यो जुनसुकै देशको भए पनि साम्यवादीले उसलाई साथ दिनेछन्। तर यदि कुनै पार्टी केवल नामको लागि गरीबहरूको कुरा गरिरहेको छ र भित्रबाट त्यही पुँजीवादी व्यवस्था कायम राख्न चाहन्छ भने साम्यवादीले त्यसको पूर्ण रूपमा विरोध गर्दछन्।

अब अलग-अलग देशहरूको कुरा आउँछ। जस्तो कि जर्मनीमा त्यो बेला राजतन्त्रको विरुद्धमा लडिरहेका केही यस्ता दल थिए र उनीहरू केही स्वतन्त्रताको कुरा गरिरहेका थिए। साम्यवादी उनीहरूसँगै उभिए तर उनीहरू राजतन्त्रको विरोधी थिए भनेर मात्र होइन, बरु उनीहरू मजदुर वर्गलाई शक्ति प्रदान गर्ने कुरा गरिरहेका थिए। यसरी नै फ्रान्स, इङ्ल्याण्ड र बाँकी देशमा पनि कयौं आन्दोलन चलिरहेका थिए। केही किसान अधिकारको कुरा गरिरहेका थिए, केही मजदुर युनियन बनाइरहेका थिए, केही धार्मिक शोषणको विरुद्धमा उभिइरहेका थिए। कुनै आन्दोलन श्रमिकहरूको स्वतन्त्रता, अधिकार र समानताको लागि भएको खण्डमा तिनीहरूको हिस्सा बन्ने साम्यवादीहरूको दृष्टिकोण थियो। तर कुनै आन्दोलनले केवल पुरानो शोषणको ठाउँमा नयाँ शोषण ल्याउने सोच राखेको खण्डमा साम्यवादी त्यससँग दूरी कायम राख्नेछन्।

साम्यवादीको मान्यता अनुसार परिवर्तन एउटा देशमा एक्लै हुन सक्दैन। यदि केवल एउटा देशमा मजदुरले सत्ता हासिल गरे तर बाँकी संसारमा अझै पनि पुँजीवाद हावी छ भने त्यो देश एक्लै टिकिरहने कुरा मुश्किल हुनेछ। त्यसकारण मजदुर वर्गले सम्पूर्ण संसारमा एकजुट हुनुपर्छ। यो कुनै सीमाबद्ध लडाइँ होइन, यो एक वैश्विक सङ्घर्ष हो, जसमा हरेक श्रमिक व्यक्ति एक-अर्कोका साथी हुन्।

जुनसुकै देश, भाषा, जाति र संस्कृतिको भए पनि शोषित र अधिकारविहीन श्रमजीवीले बाँकी श्रमजीवीहरूसँग मिल्नुपर्छ। अन्यायपूर्ण व्यवस्थालाई बदल्ने यही एकता हो। साम्यवादको सपना कसैले एक्लै पूरा गर्न सक्दैन। यो सबै शोषित, पीडित, श्रमजीवी र सर्वहारा वर्गको साझा लडाइँ हो। यो न्याय, समानता र अधिकारपूर्वक जिउने सपना देख्ने जोकोही व्यक्तिको जिम्मेवारी हो।

अन्तमा, मार्क्स र एङ्गेल्सद्वारा रचित 'कम्युनिष्ट घोषणापत्र' केवल एउटा ऐतिहासिक घोषणा मात्र होइन, बरु यो मानव इतिहासको एउटा क्रान्तिकारी मोडको सूचक हो, जसले विश्वको चिन्तनधारा र राजनीतिक परिदृश्यलाई नै सदाको लागि परिवर्तन गरिदियो। यो दस्तावेजको महत्त्व यसको ऐतिहासिक प्रासंगिकतामा मात्र सीमित छैन, बरु यसले वैज्ञानिक विश्लेषण गर्दछ र वैश्वीकरणको असमान प्रकृति, आवर्तक आर्थिक सङ्कट तथा बढ्दो आर्थिक खाडल जस्ता पूँजीवादका मौलिक अन्तर्विरोधहरूलाई सटीक रूपमा व्याख्या गर्दछ। यो घोषणापत्रले पूँजीवादको गतिशीलता र यसको आत्म-विध्वंसक प्रवृत्तिलाई बुझ्ने एक अत्यन्तै शक्तिशाली उपकरणको रूपमा काम गर्दछ।

यसको सबभन्दा ठूलो योगदान भनेको यसले शोषित वर्गलाई केवल एक पीडित समूहको रूपमा हैन, बरु इतिहासको निर्माता तथा परिवर्तनको मुख्य कारकको रूपमा पहिचान गराउनु हो। "संसारका मजदुरहरू एक हौं!" भन्ने यसको अन्तर्राष्ट्रिय नाराले दुनियाँभरिका श्रमिकहरूलाई राष्ट्र, जाति, धर्म र संस्कृतिको संकीर्ण सीमाभन्दा माथि उठेर आफ्नो साझा शत्रु र साझा लक्ष्यप्रति सचेत हुन प्रेरित गर्दछ। यसले देखाएको कुरा के हो भने परिवर्तन कुनै एक देश वा क्षेत्रमा सीमित हुन सक्दैन; यो एक सार्वभौमिक सङ्घर्ष हो, जसको सफलता विश्वव्यापी एकतामा नै निर्भर गर्दछ।

यिनै कारणले गर्दा नै यो दस्तावेज रूसी क्रान्ति, चिनियाँ क्रान्ति, भियतनामी क्रान्ति, क्युबाली क्रान्ति लगायत दुनियाँभरका अनगिन्ती श्रमिक आन्दोलन, ट्रेड-युनियन र राजनीतिक दलहरूको प्रेरणा बन्न पुग्यो। तर यसको महत्त्व यसको राजनीतिक प्रभावमा मात्र सीमित छैन। यसले समाजमा रहेको वर्गीय असमानता, शोषणको संयन्त्र र वास्तविक शक्ति-केन्द्रीकरणको सच्चाइलाई चित्रण गर्दछ।

'कम्युनिष्ट घोषणापत्र' को सन्देश स्पष्ट छ : शोषणमुक्त, वर्गविहीन समाजको स्थापना एउटा सपना मात्र होइन, बरु एक ऐतिहासिक आवश्यकता हो, जसको प्राप्ति श्रमिक वर्गको सचेत, संगठित र क्रान्तिकारी संघर्षमा निर्भर गर्दछ। यसले मजदुरहरूलाई केवल आफ्नो ज्याला र सुविधाको लागि हैन, बरु सम्पूर्ण मानवजातिको मुक्ति, समानता र गरिमाको लागि लड्न आह्वान गर्दछ। त्यसैले यो दस्तावेज आज पनि केवल पढ्ने विषय मात्र रहेको छैन, बरु बुझ्ने, विश्लेषण गर्ने र यसबाट प्रेरणा लिई आफ्नो वास्तविकतामा लागू गर्ने एक शाश्वत तथा प्रासंगिक ग्रन्थ बनेको छ। यसको चिरन्तन आह्वानले मानवतालाई न्याय र समानताको समाज निर्माण गर्न सदैव प्रेरित गरिरनेछ।

**सन्दर्भ स्रोतहरू**


Marx, Karl, and Friedrich Engels. Manifesto of the Communist Party. 1848. Many editions. (e.g., Penguin Classics, International Publishers, or online via Marxists Internet Archive).

Engels, Friedrich. The Condition of the Working Class in England. 1845. Oxford World's Classics, 2009.

Marx, Karl. The Poverty of Philosophy. 1847. International Publishers, 1992.

Marx, Karl. The Civil War in France. 1871. International Publishers, 1993.

Engels, Friedrich. Anti-Dühring: Herr Eugen Dühring's Revolution in Science. 1878. International Publishers, 1939. (This is where Engels most clearly discusses the "withering away of the state").

Hobsbawm, E. J. (Introduction). The Communist Manifesto: A Modern Edition. Verso, 1998. (A brilliant historical introduction by a renowned Marxist historian).

Draper, Hal. The Adventures of the Communist Manifesto. Center for Socialist History, 1994. (A definitive scholarly work on its history, meaning, and various prefaces).

Stedman Jones, Gareth. Karl Marx: Greatness and Illusion. Belknap Press, 2016. (A major modern biography that places the Manifesto within Marx's intellectual development).

Study and Research of various websites, blogs, online portals, youtube channels, etc.

https://narayangiri.wordpress.com/2020/04/29/

https://mazdoorbigul.net/pdf/communist-party-ghoshnapatra.pdf


# आत्मसमीक्षासहित जनसम्पर्क विस्तार लागौं : प्रचण्ड

**काठमाडौं।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संगठन निर्माणको निम्ति आत्मसमिक्षासहित जनसम्पर्क विस्तारमा लाग्न नेता तथा कार्यकर्तालाई निर्देशन दिएका छन्। सुदूरपश्चिम प्रदेश समिति सचिवालयको बैठकलाई हालै भर्चुअल माध्यमद्वारा सम्बोधन गर्दै अध्यक्ष दाहालले पार्टीभित्र उठेका विभिन्न बहस, संगठनात्मक अवस्था र आगामी रणनीतिबारे विस्तृत धारणा राख्ने क्रममा यस्तो निर्देशन दिएका हुन्।

पछिल्लो समय पार्टीले जनतामाझ फेरि विश्वास हासिल गरिरहेको भए पनि त्यसलाई संगठनमा रूपान्तरण गर्न सके मात्रै दीर्घकालीन उपलब्धि सम्भव हुने विश्लेषण गर्दै अध्यक्ष दाहालले भने 'अब सबै नेता-कार्यकर्ताले गाउँबस्तीमा पुगेर कमिटी निर्माण, विस्तार र प्रशिक्षणमा जुट्नुपर्छ, पार्टीभित्र आत्मसमीक्षा र आलोचना-आत्मालोचनाको संस्कृतिलाई बलियो बनाउनुपर्छ। विगतका कमजोरीको समीक्षा गर्नुपर्ने आवश्यकता छ।' अध्यक्ष दाहालले आफ्नो पार्टी सरकारमा रहँदा हासिल गरिएका उपलब्धि, त्यसपछिको खबरदारी अभियान तथा जनसंगठनहरूले सञ्चालन गरेका गतिविधिका कारण माओवादीप्रति जनविश्वास पुनः बढेको दावी गर्दै भने 'हामीले सरकारमा हुँदा गरेका काम र अहिले सडकबाट उठाएका आवाजकै कारण जनभावना सकारात्मक बनेको छ, अब त्यसलाई सशक्त संगठनमार्फत संस्थागत गर्नु जरुरी छ।'

संगठन निर्माणलाई अबको अभियानको मूलधार मानेर निर्वाचनमा जानुपर्नेमा जोड दिँदै उनले सुदूरपश्चिम राजनीतिक र सांगठनिक हिसाबले माओवादी केन्द्रको सम्भावनायुक्त प्रदेश रहेको बताए। त्यसकारण पनि सुदूरपश्चिमका नेता तथा कार्यकर्तालाई व्यवस्थित, योजनाबद्ध रूपमा परिचालन गर्नुपर्ने आवश्यकता भएको औंल्याए। उपमहासचिव तथा सुदूरपश्चिम इन्चार्ज गिरिराजमणि पोखरेलले सुदूरपश्चिममा पार्टीको भावी रणनीति, सांगठनिक विस्तार एवं स्थानीय तहसम्म पहुँच विस्तारबारे स्पष्ट कार्ययोजना प्रस्तुत गरेका थिए।

# दाहाल–नेपाल हिमचिम खनाल तरंगित

**काठमाडौं।** पछिल्लो पटक नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल र नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादी नेकपा (एस)का अध्यक्ष माधव कुमारबिच भएको छलफललाई नेकपा एसकै सम्मानित नेता झलनाथ खनाल समूहले भने शंकाको दृष्टिले हेरेको छ।

एकीकृत समाजवादीका अध्यक्ष नेपालले पार्टीका पदाधिकारी तका नेताहरूलाई कुनै जानकारी नै नदिई माओवादी केन्द्रका अध्यक्ष दाहालसँग केही महिनादेखि पटक-पटक छलफल गरेपछि खनाल समूह तरंगित बनेको हो। पतञ्जली योगपीठको जग्गा हिनामिना प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेपछि पूर्वप्रधानमन्त्री समेत रहेका नेपालले पूर्वपार्टी नेकपा एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीकै योजनामा आफूलाई राजनीतिक षड्यन्त्रमा पारिएको आरोप समेत लगाएका छन्।

उक्त मुद्दामा फसेका अध्यक्ष नेपाललाई यही बेला सम्मानित नेता खनालले नैतिकताका आधारमा नेतृत्व छाड्न दवाबा दिएर अप्ठ्यारोमा पारेका छन्। एकातिर भ्रष्टाचार मुद्धा, अर्कातर्फ आफ्नै पार्टीभित्र खनाल समूहको निसानामा परेर प्रतिकूल परिस्थितको सामना गरिरहेका नेपालले कुनै पनि बेला आफूमाथि अप्ठ्यारो पर्नसक्ने आँकलन गर्दै माओवादीसहित वामपन्थी दलहरूसँग एकताका लागि हतारिएको हुनसक्ने खनाल समूहको आशंका छ। अध्यक्ष दाहालले महासचिव देव गुरुङलाई लिएर मंगलबार एकीकृत समाजवादीको केन्द्रीय कार्यालय आलोकनगरमै पुगेको र त्यहाँ अध्यक्ष नेपालसँग छलफल गरेका थिए। उक्त छलफलमा एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डे तथा उपमहासचिव रामकुमार भट्टराई समेत सहभागी थिए।

छलफलमा समाजवादी मोर्चालाई प्रभावकारी बनाउने, वामपन्थी एकता र ध्रुवीकरणलाई सुदृढ बनाउने गरी कुराकानी भएको दुवै पक्षले जानकारी दिएका छन्। माओवादी महासचिव गुरुङले समाजवादी मोर्चालाई बलियो बनाउने विषयमा छलफल केन्द्रित भएको जानकारी दिँदै पार्टी एकताको विषयमा ठोस निष्कर्षमा नपुगेको बताए। 'समाजवादी मोर्चालाई बलियो बनाएर लैजाने सम्बन्धमा छलफल भयो। विचार र सिद्धान्त मिलेमा दुई पार्टीबिच एकता हुनसक्छ, तर अहिले नै कुनै निष्कर्षमा हामी पुगेका छैनौं' महासचिव गुरुङको भनाइ थियो।

उता एकीकृत समाजवादीका उपमहासचिव भट्टराईले पनि समाजवादी मोर्चालाई प्रभावकारी बनाउने तथा वामपन्थी एकता र ध्रुवीकरणलाई सुदृढ गर्ने विषयमा छलफल भएको जानकारी दिए। 'वामपन्थी एकतालाई दुवै पार्टीले पहल गर्ने कुरामा छलफल भएको थियो' उनले भने 'धेरैभन्दा धेरै वामपन्थीसँग एकता गरेर बलियो कम्युनिस्ट पार्टी निर्माण गर्नेमा छलफल केन्द्रित थियो।'

यसैबीच, अध्यक्ष दाहाल र अध्यक्ष नेपालीबित लगातार छलफल हुँदै आएको र पार्टीको कुनै पनि समितिलाई थाहा नदिई एकताको तयारी गरिएको आशंकामा खनाल समूहले असन्तुष्टि पोख्दै आएको बुझिएको छ। 'देशभरका नेता-कार्यकर्ताहरूबाट माओवादीसँग पार्टी एकता गर्न लागिएको हो भनेर प्रश्न उठेका छन्। पार्टीको कुनै समितिमा छलफल भएको छैन' खनालले भने 'पार्टी एकताजस्तो गम्भीर विषय कुनै एक नेताको लहडमा हुने होइन। पछिल्लो सचिवालय बैठकमा अध्यक्षले माओवादीसँग एकता हुन सक्दैन भनेर प्रस्ताव पेस गर्नुभएको छ। हामीले उहाँले पेस गर्नुभएको प्रस्तावलाई नै विश्वास मानिरहेका छौं।'

आफूहरू माओवादीसँग मात्र एकता गर्नेभन्दा पनि बृहत वामपन्थी एकताको पक्षमा रहेको खनाले बताए। 'विचार, सिद्धान्त, कार्यदिशा, संगठनमा एकरूपता नभई पार्टी एकता हुन सक्दैन' भन्दै उनले अध्यक्षले चाहेर मात्र एकता नहुने बरु विद्रोह हुने बताए।

यसैबीच, भदौ १५ गते नयाँबानेश्वरमा खनाल र महासचिव घनश्याम भुसाल समूहको छुट्टै भेला समेत भएको थियो। वरिष्ठ नेता घनेन्द्र बस्नेत, पूर्वउपमहासचिव डा विजय पौडेल, पूर्वसचिव जीवनराम श्रेष्ठ, रामकुमारी झाँक्रीलगायत पचासभन्दा बढी नेता उपस्थित रहेको दाबी गरिएको भेलाबाट यथास्थितिमा माओवादीसँग पार्टी एकता गरिए आत्मघाती हुने निष्कर्ष निकालेको थियो। भेलामा सहभागी एक नेताका अनुसार अहिले माओवादी केन्द्रसँग मात्र एकता गर्दा हुने फाइदा-घाटाबारे छलफल भएको जानकारी दिँदै एकता गरे अरु साना वामदलसहित गर्नुपर्ने र माओवादीसँग मात्र एकता गर्दा धेरै नेता-कार्यकर्ता एमालेमा फर्कने र त्यो प्रत्युत्पादक हुनसक्ने निष्कर्ष निस्किएको दावी गरे।

खनाल पक्षका अर्को नेताले भने 'माधवजीलाई मुद्धा लागेको हुनाले एकताका लागि हतारिएको हुनसक्छ तर उहाँले गर्न लागेको एकता होइन, पार्टी प्रवेश हो। केही नेता प्रवेश गरे भने पार्टी पुनर्गठन हुन्छ। पार्टी एकता हुँदैन।' उपाध्यक्ष जगन्नाथ खतिवडाले भने माओवादीसहित विभिन्न वामपन्थी दलहरूसँग पार्टी एकताको विषय वैचारिक र सैद्धान्तिक चरणमै रहेको दावा गरे। खनाल समूहले भदौको अन्तिम साता बस्ने केन्द्रीय समिति बैठकमा नेपालले अध्यक्ष पद छोड्नुपर्ने सहितको प्रस्ताव लैजाने तयारी गरेको संस्थापन पक्षको आशंका छ।

# चीनबाट फर्किए प्रधानमन्त्री ओली, जीएसआईबारे संसदमा जवाफ माग

**काठमाडौं ।** भदौ १४ देखि १८ सम्म पाँच दिने चीन भ्रमणमा रहेका प्रधानमन्त्री केपी शर्मा ओली चीनको तियानजिनमा भदौ १५ देखि १६ सम्म आयोजित साँघाई सहयोग संगठन (एससीओ)को २५औं शिखर सम्मेलन भाग लिएर बुधबार स्वदेश फर्किएका छन् ।

एससीओ सम्मेलनमा भाग लिन चीन तियानजिन पुगेको उनले एससीओ प्लसको बैठकलाई सम्बोधन गरेका थिए । भ्रमणकै क्रममा प्रधानमन्त्री ओली र चिनियाँ राष्ट्रपति सी जिनपिङबिच तियानजिन सहरमा गत शनिबार भेटवार्ता पछाडि चीनको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा नेपालले (ग्लोबल सेक्युरिटी इनिसिएटिभ) जीएसआईलाई समर्थन गरेको दाबी गरिएपछि प्रधानमन्त्रीको चीन भ्रमण विवादमा तानिएको हो । जीएसआई चीनको सुरक्षा रणनीति हो ।

भेटवार्तापछि नेपालले जारी गरिएको विज्ञप्तिमा भने जीएसआईबारे उल्लेख थिएन । नेपाली पक्षले ओली-सी भेटमा जीएसआईका विषयमा कुनै चर्चा नभएको र चिनियाँ विज्ञप्ति झूटो भएको दाबी गरेको छ । भ्रमण सकेर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओलीएलगत्तै सञ्चारकर्मीहरूले जीएसआईबारे राखेको जिज्ञासामा परराष्ट्र सचिव अमृत राईले नेपालले जीएसआईलाई नभएर 'ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ' (जीडीआई)लाई मात्र समर्थन गरेको दावी गरे ।

'अरु कुरामा समर्थन जनाएको छैन । त्यसमा स्पष्ट हुनुहोला' परराष्ट्र सचिव राईले भने 'हाम्रा कुराहरू स्पष्ट राखेका छौं । नेपाल सरकारको नीति जे छ त्यही कायम हुन्छ ।' एससीओ शिखर सम्मेलनमा नेपालको सहभागितामार्फत नेपालको राष्ट्रिय हित प्रबर्द्धन भएको जिकिर गर्दै उनले चिनियाँ राष्ट्रपति सीसँगको भेटमा प्रधानमन्त्री ओलीले नेपालको भूभाग लिपुलेख नाकाबाट व्यापार गर्ने भारत र चीनबीच भएको समझदारीप्रति आपत्ति जनाएको समेत बताए ।

'प्रधानमन्त्री ज्यूले उक्त समझदारी कार्यान्वयन नगर्न चीनका राष्ट्रपतिलाई अनुरोध गर्नुभयो' भन्दै उनले प्रधानमन्त्रीको द्विपक्षीय भेटघाट र अन्य राष्ट्रका राष्ट्र तथा सरकार प्रमुखसँग गरेको वार्ताबाट अन्तर्राष्ट्रिय जनतमा नेपालको प्रतिष्ठा थप अभिवृद्धि गर्ने कार्यमा उल्लेखनीय योगदान पुगको जनाए । जीएसआईलाई नेपालले समर्थन गरेको चिनियाँ दाबीको विषयमा संसदमा समेत प्रश्न उठेको छ । बुधबारको प्रतिनिधिसभा बैठकमा जीएसआईबारे प्रष्ट पार्न सांसदहरूले सरकारसँग माग गरे ।

बैठकमा सत्तारुढ दल नेपाली कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडुले प्रधानमन्त्री ओली र चिनियाँ राष्ट्रपति सीबिचको भेटपछि चीनको विदेश मन्त्रालयद्वारा जारी गरिएको विज्ञप्तिमा जीएसआईको प्रस्तावमा नेपाल सहमत भएको भन्ने विषयमा सरकारले प्रष्ट पार्नुपर्ने बताए । 'छलफल नै नभएको विषयमा विज्ञप्तिमा उल्लेख भएर किन र कसरी आयो ? यसमा प्रधानमनत्रीको सचिवालय र परराष्ट्र मन्त्रालयले प्रष्ट पार्नुपर्छ' बडूले भने ।

नेपालको लिम्पियाधुरा, लिपुलेक र कालापानीका सम्बन्धमा जारी सीमा विवादमा चिनियाँ राष्ट्रपति सीले दिएको जवाफ सन्तोषजनक नरहेको समेत उनले बताए । 'नेपालको पश्चिमको सीमामा भारत मात्र नभई चीन पनि स्वतः जोडिन्छ । नेपालको दार्चुलाको पश्चिमी सीमा भारतसँग मात्र नभई चीनसँग पनि जोडिएको विषय हो । त्यो त्रिदेशीय बिन्दु हो । सुगौली सन्धिअनुसार लिम्पियाधुरामा नै त्रिदेशीय सीमा बिन्दु हुन आउँछ । त्यसैले चीन पनि जोडिन आउँछ' भन्दै उनले तीन वटै देश मिलेर विवाद समाधान गर्नुपर्ने बताए ।

यसैगरी, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवाद)का सांसद प्रकाश ज्वालाले जीएसआईमा नेपालले समर्थन गरेको चीनले स्पष्ट दाबी गरेको भन्दै त्यस विषयमा सरकारले जवाफ माग गरे । 'ओली र सीबिच भएको भेटपछि जारी प्रेस विज्ञप्तिमा चीनले आफ्नो सुरक्षा रणनीति जीएसआईमा नेपालले समर्थन गरेको प्रष्ट दाबी गरेको छ । यसको वास्तविकता के हो ?' सांसद ज्वालाले भने 'नेपालको संविधानअनुसार नेपाल असंलग्न परराष्ट्र नीतिप्रति प्रतिबद्ध छ । नेपालको कुनै पनि सैन्य रणनीतिको पक्षमा उभिन सक्दैन । यस विषयमा सरकारले तत्काल आधिकारिक धारणा सार्वजनिक गरोस् ।'

बैठकमा माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले परराष्ट्र मामिला एक्लै निर्णय लिन नहुने भन्दै सबैको साझा धारणा हुनुपर्ने बताए । 'कसैले पनि परराष्ट्र मामिलामा अपरिपक्व निर्णय लिनु हुँदैन, लिनुभएको छैन भन्ने हामीले विश्वास गर्न सक्छौं' सांसद दाहालले भने 'प्रधानमन्त्री आफैंले संसदमा आएर आधिकारिक जवाफ दिएपछि मात्रै हामीले आधिकारिक धारणा बनाउन सक्छौं ।'

उनले लिपुलेक भएर व्यापार गर्ने चीन र भारतबिचको सहमतिको सरकार तथा संसदले संगठित भएर विरोध गर्नुपर्ने बताए । चीन भ्रमण सकेर बुधबार स्वदेश फर्किका प्रधानमन्त्री ओलीले भ्रमणका क्रममा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलगायतका नेताँहरूसँग द्विपक्षीय भेटवार्ता गरेका थिए । त्यस क्रममा प्रधानमन्त्री ओलीले पुटिनलाई नेपाल भ्रमणको निम्तो दिएको पनि राईले जानकारी दिए ।

सोही क्रममा प्रधानमन्त्री ओलीले लाओस र माल्दिभ्सका राष्ट्रपति तथा भियतनाम र कम्बोडियाका प्रधानमन्त्रीसँग भेटवार्ता गरेका थिए । एससीओ सम्मेलनपछि भदौ १७ गते बेइजिङ पुगेका प्रधानमन्त्री ओलीले त्यहाँ चिनियाँ उपराष्ट्रपति हान चङसँग द्विपक्षीय भेटवार्ता गरेका थिए । भेटमा नेपाल-चीन सम्बन्धका विविध विषयहरूमा छलफल भएको बताइएको छ ।

यसैबीच, प्रधानमन्त्री ओलीका आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडाले प्रधानमन्त्री ओली र राष्ट्रपति सीबिचको दुई पक्षीय भेटवार्तामा चीनको जिएसआइमा नेपालको समर्थन भन्ने विषयमा कुनै सहमति नभएको स्पष्ट पारेका छन् । सो भेटवार्तामा सहभागी पूर्व अर्थमन्त्री डा अखिवडाले नेपालको संविधान र असंलग्न परराष्ट्र नीतिप्रति प्रतिबद्ध नेपाल सरकार कुनै पनि मुलुकको सुरक्षा रणनीतिको अंग नबन्ने स्पष्ट पारेका छन् ।

दुई मुलुकबिच यसअघि भएका बेल्ट एण्ड रोड इनिसियटिभ (बीआरआई) को फ्रेमवर्कलगायत सहमति र सम्झौताका कार्यान्वयका लागि दुवै पक्षले प्राथमिकता दिने विषयमा छलफल भएको उनले जानकारी दिए ।

# वामपन्थी शक्तिहरूसँग नेकपाले एकता प्रक्रिया अगाडि बढाउने

**काठमाडौं ।** नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले माओवादी धार, क्रान्तिकारी वामपन्थी र कम्युनिस्ट शक्तिसँग छलफल मार्फत एकता, ध्रुवीकरणको पहलकदमीको प्रक्रियालाई अगाडि बढाउने बताएको छ ।

नेकपाको केन्द्रीय कार्यालय शिवगढीमा भदौ १५ देखि बसेको स्थायी समिति बैठकले एकता र ध्रुवीकरण कारणले प्रक्रिया अगाडि बढाउने गरी एजेण्डा तयार पारेको हो । नेकपाका एक स्थायी समिति सदस्यले भने 'माओवादी धारा, क्रान्तिकारी वामपन्थी र कम्युनिस्ट शक्तिहरूसँग छलफल गरी एकता र ध्रुवीकरण प्रक्रिया अगाडि बढाउने महासचिवको प्रस्ताव पारित भएको छ ।'

ती नेताका अनुसार बैठकले नयाँ विचार, राजनीति र दृष्टिकोण नेकपासँग भएकाले आफ्नै नेतृत्वमा क्रान्तिकारी कम्युनिस्ट शक्तिसँग छलफल गर्ने गरी प्रस्तव तयार भएको हो । अर्का स्थायी समिति सदस्यले भने 'हाम्रो मुख्य उद्देश्य माओवादी धारसँग एकता र ध्रुवीकरण गर्ने प्रक्रिया अगाडि बढ्छ । अन्य क्रान्तिकारी वामपन्थी र समाजवादी शक्तिसँग सहकार्य र मोर्चाबन्दी गर्ने गरी प्रस्ताव तयार भएको छ । यो प्रस्तावलाई भोलिदेखि बस्ने पोलिटब्युरो बैठकमा छलफल हुन्छ । प्रस्तावमाथि २२ गते बस्ने केन्द्रीय समिति बैठकले निर्णय गर्छ । अहिले केही निर्णय भएको छैन ।'

महासचिव विप्लवले पार्टी एकताको विषय तत्काल माओवादीले प्रचार गरेजस्तो नभएको जानकारी गराएका थिए । पछिल्लो पटक माओवादीका अध्यक्ष प्रचण्डसँगको भेटमा पनि सामान्य छलफल बाहेक केही नभएको जानकारी गराएका थिए । विप्लवको भनाइ उद्दृत गर्दै ती नेताले भने 'तत्कालै एकता हुन्छ जसरी माओवादीका नेताहरूबाट प्रचार गरियो । सामान्य छलफल बाहेक त्यस्तो केही भएको छैन । प्रचण्डसँगको पछिल्लो भेटमा पनि एकता गर्ने निर्णय भएको उहाँले सुनाउनुभयो । मैले सकारात्मक रूपमा लिएको छु । यसबारे केन्द्रीय समितिले निर्णय गर्छ भनेको छु ।'

माओवादीभित्रको अन्तरविरोध उसको आन्तरिक विषय भएकाले आफूहरूको कुनै हस्तक्षेप नहुने बताए । प्रचण्ड र जनार्दन शर्माबिचको द्वन्द्व पनि केही समयमा आफैं मत्थर हुने निष्कर्ष निकालिएको समेत ती नेताले बताए ।

# संघीयता जोगाउन सबै तहबीच समन्वय आवश्यक : पूर्वमन्त्री पुन

**काठमाडौं ।** पूर्वअर्थमन्त्री समेत रहेका नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का उपमहासचिव वर्षमान पुनले संघीयतामा तीन तहबीच समन्वय भए मात्रै विकास सम्भव हुने बताएका छन् । जिल्ला समन्वय समिति रोल्पाद्वारा लिवाङमा आयोजित समीक्षा कार्यक्रममा बोल्दै संघ, प्रदेश र स्थानीय तहको बीचमा निरन्तर सम्पर्क हुनुपर्नेमा जोड दिएका हुन् ।

रोल्पाबाट संघको प्रतिनिधिमा निर्वाचित पुनले संघीयतामा गएपछि क्रमशः विकास भएको धारणा व्यक्त गर्दै उनले 'संघ र प्रदेशबाट जिल्ला र स्थानीय तहलाई पर्याप्त बजेट नदिएमा विकास संभव छैन । भौतिक आर्थक एवं जनशक्तिको हिसाबले संघीयता अझै कार्यान्वनको चरणमा छौं । सबै उपलब्धि यतिबेला नै पाउने हो भन्ने छैन ।' संघीयता जोगाउन स्थानीय स्रोत र साधनको वृद्धि गर्नुपर्ने आवश्यकतर्फ औंल्याउँदै उनले आन्तरिक स्रोत बलियो भयो भने संघीयताप्रति जनताको आकर्षण बढ्दै जाने धारणा व्यक्त गरे ।

'संघीयता भनेको स्थानीय तहले प्रदेश र संघबाट पैसा माग्ने र बाँच्ने मात्रै होइन । अब मुलुकका सात सय ५३ वटा स्थानीय तहले आफ्नो योजना अफैं बनाउनुपर्छ' उनको भनाइ थियो 'हरेक तकले आफ्नै योजना बनाएर आत्मनिर्भर हुन र जनताको आर्थिक आवस्था सुधार गर्न सक्नुपर्छ ।' सबै तह र मुलुकको कृषि क्षेत्र बारेमा एकीकृत तथ्यांक प्रणाली हुनु आवश्यक रहेको बताउँदै उनले भने 'कुन-कुन स्थानमा के-कति धान खेती छ ? तरकारी कहाँ-कति उत्पादन भएको छ ? संघले यस्तो तथ्यांक तत्काल बनाउनेतर्फ सोच्न म आग्रह गर्दछु ।'

रोल्पाबाट ठूलो मात्रामा बजेट फिर्ता जाने गरेकोप्रति आपत्ति व्यक्त गर्दै उनले भने 'हरेक वर्ष बजेट फिर्ता गएको छ, किन कार्यान्वयन भएन ? गम्भीर प्रश्न उठेको छ, सबैलाई चिन्ता बढाएको छ ।' माओवादीले २०६२/६३ पछि संघमा निरन्तर प्रतिनिधित्व गर्दै आएको रोल्पाका स्थानीय पूर्वमन्त्री पुनले हालको राजनीतिक अवस्थाबारे टिप्पणी गर्दै बजेट कटौती नगर्न आग्रह गरे ।

दुई पटक अर्थ, सिँचाइ, ऊर्जामन्त्री भएका पुनसहित पूर्वसभामुखद्वय कृष्णबहादुर महरा र ओनसरी घर्ती मगर तथा पूर्वमन्त्री जयपुरी घर्ती मगरलगायतले समेत रोल्पाबाटै प्रतिनिधित्व गरेका छन् । लुम्बिनी प्रदेशका दुइटा क्षेत्रमा पनि माओवादी केन्द्रका प्रतिनिधिले जितेका थिए । वर्तमान सरकारले निर्माणाधीन सहिद मार्गको बजेट अघिल्लो वर्ष कटौती गरिएको आरोप लगाए । राजनीतिक प्रतिशोधको कारणले जनताले पाउने विकासको अधिकार हनन गर्न नहुने उनको भनाइ थियो ।

कार्यक्रममा लुम्बिनी प्रदेश सरकारका पूर्वमुख्यमन्त्री जोखबहादुर महराले लुम्बिनी प्रदेश सरकार अकर्मण्यतामा परेको बताए । 'बजेटको कार्यान्वन भएको छैन । मन्त्रिपरिषदको बैठक बस्न सकेको छैन । हामी साथ दिन्छौं भन्दा पनि मन्त्रीहरू तयार छैनन् ।' एकापसमा प्रतिशोध भएको र त्यस कारणले प्रणालीअनुसार चल्न नसक्ने भन्दै उनले हालको सरकार कर्मचारी सरुवा गर्न लागेको आरोप लगाए । सरकारले विकासका योजना कार्यान्वयन गर्न नसक्ने र जनतालार्य धोका दिएको उनको आरोप छ । आर्थिक वर्ष २०८१/८२ मा संघ र प्रदेश दुवै तह अन्तर्गतको वार्षिक समीक्षा कार्यक्रममा उनले अधिकांश कार्यालयले बजेट घट्दै गएको र दरबन्दीअनुसार कर्मचारी नभएको गुनासो गरे ।

संघ र प्रदेश अन्तर्गतका कार्यालयका प्रमुखको जथाभावी सरुवा भएको छ । जिल्ला समन्वय समिति रोल्पाको आयोजनामा गरिएको समीक्षा कार्यक्रममा १० वटा स्थानीय तहका जनप्रतिनिधिहरू समेत उपस्थित रहेको थियो ।

# सर्वोच्चद्वारा 'न्याय किनबेच हुन्छ' भनेका श्रेष्ठसँग लिखित जवाफ माग

**काठमाडौं ।** सर्वोच्च अदालतले अदालतको अवहेलना मुद्दामा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठसँग लिखित जवाफ माग गरेको छ भरु ।

सर्वोच्चका न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र श्रीकान्त पौडेलको इजलासले वरिष्ठ उपाध्यक्ष श्रेष्ठसँग लिखित जवाफ माग गरेको हो । उपाध्यक्ष श्रेष्ठविरुद्ध आयुष दाहालले अवहेलना मुद्दा दायर गरेका थिए । पूर्वमन्त्री समेत रहेका श्रेष्ठले ६ भदौमा सामाजिक सञ्जाल फेसबुकमा गरेको पोष्टले अदालतको अवहेलना भएको जिकिर गर्दै कानुनका विद्यार्थी आयुषले निवेदन दायर गरेका हुन् । श्रेष्ठले भनसुन र घुसबिना अदालतबाट न्याय नपाइने भनी सामाजिक सञ्जालमार्फत अदालतप्रति अनास्था फैलाउने खालको सामग्री पोष्ट गरेको दावी निदेदनमा गरिएको थियो ।

सर्वोच्चले सो पोष्टबारे जवाफ दिन भनेको हो । मुद्दामा बहस गर्दै अधिवक्ता अर्जुनबहादुर खड्काले माओवादी नेता श्रेष्ठको अभिव्यक्तिबाट 'सर्वोच्च अदालतबाट दुई सय मिटरको दूरीमा टुकुचा किनारमा खरिद बिक्रीका लागि राखिएका खसिबोका जस्तो न्यायलयमा न्याय किनबेच हुने गरेको' भन्ने अभिव्यक्ति प्रथम दृष्टिमै अदालतको अवहेलना रहेको जिकिर गरेका थिए । 'श्रेष्ठको अभिव्यक्ति अदालतको अवहेलना नमान्दा इजलासमा उपस्थित भएर बहस गर्ने कानुन व्यवसायीहरू अभिनय मात्र गरिरहेको र न्याय क्षेत्रमा पनि रेस्लिङ खेलमा जस्तो हारजित पहिल्यै तय गरिएको अर्थ लाग्ने' तर्क गर्दै अधिवक्ता खड्काले कारबाहीको माग गरे ।

'अहिले न्यायालयको स्थिति यस्तो छ कि न्यायका लागि अदालत पुग्ने कुनै पनि नेपालीले आफ्नो सम्पर्क पहुँचद्वारा न्यायाधीशलाई भन्न, भनाउन वा भनसुन गर्न सक्दैन भने वा घुस खुवाउन सक्दैन भने न्याय पाउला भनेर आशागर्न सकिने स्थिति छैन' श्रेष्ठले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्- 'सरकारमा रहेका राजनीतिक नेतृत्वको बदला, प्रतिशोध र राजनीतिक स्वार्थपूर्ति गर्ने औजार समेत अदालत बन्न पुगेको महसुस हुनु ज्यादै पीडाको विषय हो । अझ अगाडि बढेर आफ्नो पदीय वा निजी स्वार्थका निम्ति न्यायाधीशहरूले सरकारको राजनीतिक नेतृत्वसँग उनीहरूको इच्छा अनुसार मुद्दा फैसला गरिदिने लेनदेन प्रवृत्ति देखाउनु चरम लज्जा र चिन्ताको विषय बन्न गएको छ । यसरी न्यायबाट वञ्चित भई जेलमा कोचिने, जायजेथा सबै समाप्त हुने स्थितिको सिकार भई पीडित हुने व्यक्तिहरूले के गर्ने ? न्याय कसरी पाउने ? न्यायमूर्तिको जिम्मेवार पदमा बस्नेहरूले सोच्नु पर्दैन ?'

पूर्वउपप्रधानमन्त्री एवं गृहमन्त्री समेत रहेका उनले न्याय प्रशासन न्याय प्रशासन ऐन, १७(४) बमोजिम हदैसम्मको सजाय माग गरिएको छ । कसुर ठहरिए श्रेष्ठलाई एक वर्षसम्म कैद हुन सक्नेछ ।

# लिपुलेक पासबाट व्यापार गर्ने भारत–चीन सहमतिको विरोधमा प्रदर्शन

**काठमाडौं ।** चीन र भारतले गरेको लिपुलेक पासबाट द्विपक्षीय व्यापार खोल्ने सहमतिको सदनदेखि सडकसमम विरोधको नारा लागेको छ । बिहीबार प्रतिनिधिसभा बैठकमा भारत र चीनलाई लिपुलेक क्षेत्रबाट व्यापार गर्न दिन नहुने भन्दै सत्ता र प्रतिपक्षी दलका सांसदहरू एकै ठाउँमा उभिएर विरोध गरे ।

सत्तारुढ एमालेको भातृ संगठन अनेरास्ववियुले लैनचौरस्थित अस्कलअगाडि मसाल जुलुस निकालेको हो । विद्यार्थीले भारतीय दूतावासअगाडि समेत विरोध प्रदर्शन गरेका थिए । नेपालको पश्चिम सिमाना लिम्पियाधुराबाट ५६ किलोमिटर यताको भूमि लिपुलेक पासबाट दुई पक्षीय व्यापार गर्ने विषयमा दुवै देशले नेपाललाई जानकारी समेत दिएका छैनन् । ६ दशक पुरानो यो विषयमाा नेपालले करिव एक दशकदेखि विरोध गर्दै आएको छ ।

नेपाल सरकार संविधानमा आधिकारिक नक्सा समावेश भइसकेको र उक्त नक्सामा महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको तथ्यमा स्पष्ट छ । नेपाल सरकारले भारतलाई लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमा सडक निर्माण/विस्तार, सीमा व्यापारजस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको विदितै छ, उक्त क्षेत्र नेपाली भूभाग रहेको विषय मित्रराष्ट्र चीनलाई समेत जानकारी गराइ सकिएको पनि अवगत नै छ । नेपाल-भारतबिच रहिआएको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावनाअनुसार ऐतिहासिक सन्धि-सम्झौता, तथ्य, नक्सा र प्रमाणका आधारमा दुवै देशबिचको सीमा समस्या कुटनीतिक माध्यमबाट समाधान गर्न नेपाल प्रतिबद्ध रहिआएको छ ।

उता, भारतले सो भू-भागबारे आफ्नो पुरानो अडान स्पष्ट र निरन्त कायम राख्दै जवाफमा भनेको छ 'भारत र चीनबिच लिपुलेक हुँदै व्यापार दशकौंदेखि चल्दै आएको छ, पछिल्लो समय कोभिड महामारी र अन्य कारणले रोकिएको थियो, अहिले दुवै पक्ष व्यापार पुनः सञ्चालन गर्न सहमत भएका हुन् ।'

## असीमित सत्तालिप्सा...

रावलको थप प्रश्न छ- 'सत्तास्वार्थका लागि जस्तोसुकै मित्र र पक्षधरमाथि पनि छुरी चलाउन केपी ओली उद्दत् हुन सक्ने यथार्थ छर्लङ्ग भयो होला नि ?'

भदौ २० देखि २२ मा एमालेको दोस्रो विधान महाधिवेशन हुँदै छ। प्रधानमन्त्री ओलीले काठमाडौंबाट प्रतिनिधित्व गर्ने महाधिवेशन प्रतिनिधिहरूलाई बुधबार राति बालुवाटार बोलाएर पार्टीको आन्तरिक राजनीति र पूर्वराष्ट्रपति भण्डारीप्रति आफूले लिएको नीति प्रष्ट्याउँदै ११औं महाधिवेशनमा आफूलाई अध्यक्षमा समर्थन गर्नुपर्ने कारणबारे चर्चा गरेका थिए। सोही भेटघाटमा ओलीले पूर्वराष्ट्रपति भण्डारी पछि नहटे उनलाई पूर्वउपाध्यक्ष भीम रावललाई जस्तै कारबाही गरेर पार्टीबाट निकाल्नुपर्ने दिन आउन सक्ने चेतावनी दिएका थिए। रावलसम्मको नाम जोडिएको ओलीको सोही अभिव्यक्ति सार्वजनिक भएपछि नेता रावलले यसरी प्रतिक्रिया जनाएका हुन्।

## लिपुलेकबाट...

प्रधानमन्त्रीको औपचारिक चीन भ्रमणबारे राष्ट्रियसभालाई जानकारी नगराइएकोप्रति गुनासो गरे। प्रधानमन्त्री चीन भ्रमणबाट फर्केर आएपछि भ्रमणका क्रममा भएका उपलब्धिका विषयबारे जानकारी गराउनुपर्ने माग गरे।

राष्ट्रियसभाको सोही बैठकमा सांसद वामदेव गौतमले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन र भारत भ्रमणका क्रममा सीमा विवादको विषयलाई गम्भीर रूपमा उठाइनुपर्ने र सीमा विवादसम्बन्धी समस्या दिगो रूपमा समाधान गर्न सरकारले तत्परता देखाउनुपर्ने धारणा व्यक्त गरे।

नेपालप्रति भारतले हेपाहा व्यवहार देखाउने गरेको टिप्पणी गर्दै नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का सांसद गंगाकुमारी वेल्वासेल नेपाल र भारतबीच नागरिकस्तरमा बलियो सम्बन्ध स्थापित रहे पनि विभिन्न कालखण्डमा भएका असमान सन्धिका कारण समस्या सिर्जना भएकाले त्यसलाई सच्याउन पहल गर्नुपर्नेमा जोड दिए।

सोही बैठकमा नेपाली कांग्रेसका सांसद विष्णुदेवी पुडासैनीले छोराछोरीको कमाइबाट निश्चित प्रतिशत रकम ज्येष्ठ नागरिकका लागि छुट्याउने कानुन बनाउन आवश्यक रहेकोतर्फ औंल्याए।

जनता समाजवादी पार्टी नेपालका सांसद मृगेन्द्रकुमार सिंह यादवले किसानका समस्या समाधानका लागि सरकार जिम्मेवार हुन नसकेको बताए। अहिले अनुदान घटाएको विषयमा उखु किसान माइतीघर मण्डलामा आन्दोलनरत रहेको, दुग्ध किसानको बक्यौता बाँकी रहेको, बीउ तथा मलखाद समयमा पाउन नसकेको उल्लेख गर्दै ती समस्या समाधानका लागि तत्काल पहल गर्न अनुरोध गरे। उनले चुरे दोहन र जंगल विनाश रोक्नका लागि पनि सरकारको ध्यानाकर्षण गराए।

विशेष समयमा भाग लिँदै सांसद सुमीत्रा बिसीले पछिल्लो समय महिला हिंसाका घटना बढेको उल्लेख गर्दै उनले विभेद र हिंसा न्यूनीकरणका लागि अभियान थाल्नुपर्ने धारणा व्यक्त गरे।

# कूटनीतिका माध्यमबाट नेपालको भूमि फिर्ता गराउन सरकार प्रतिनिधिसभाको ध्यानाकर्षण

**काठमाडौं ।** प्रतिनिधिसभाको बैठकको विशेष समयमा बोल्ने सांसदहरूले दुई छिमेकी मुलुक चीन र भारतबीच लिपुलेक, लिम्पियाधुरा र कालापानीका सन्दर्भमा भएको सहमतिबारे प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा स्पष्ट धारणा राख्न आग्रह गरेका छन्

बैठकमा नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का सांसद राजेन्द्रप्रसाद पाण्डेले नेपाललाई जानकारी नै नदिइ चीन र भारतबीच लिपुलेक, लिम्पियाधुरा र कालापानीका सन्दर्भमा भएको सहमतिबारे प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा स्पष्ट धारणा राख्न आग्रह गरेका हुन्।

प्रतिनिधिसभाको बैठकको विशेष समयमा आफ्ना धारणा राख्दै सांसद पाण्डेले सुगौली सन्धीदेखि नै कायम भएको नेपालको भूमिको जग्गाधनी प्रमाणपत्र समेत रहेको र अमेरिकी तथा बेलायतको पुस्तकालयमा रहेको नक्साबाट पनि त्यो प्रमाणित हुने स्पष्ट पारे। भू-भागका हिसाबले देश सानो तथा ठूलो हुनसक्ने भए पनि सार्वभौमसत्ताका सन्दर्भमा कुनै पनि सम्झौता हुन नसक्ने धारणा राख्दै सांसद पाण्डेले राष्ट्रिय सहमतिका साथ नेपालको भूमि फिर्ता गराउन सरकारले विशेष पहल गरोस् भन्ने कामना व्यक्त गरे।

जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद रञ्जुकमारी झाले वार्ता र कूटनीतिका माध्यमबाट नेपालको भूमि फिर्ता गराउन प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा विशेष पहल हुने विश्वास व्यक्त गरे।

यसैगरी सांसद मैना कार्कीले सीमासम्बन्धी समस्याको कूटनीतिक माध्यमबाट समाधान गर्न सरकारको ध्यानाकर्षण गराइन्।

प्रतिनिधिसभाको सोही बैठकमा बोल्दै अधिकांश सांसदहरूले लिपुलेक मार्ग प्रयोग गर्न भारत र चीनबीच भएको सम्झौता गलत रहेको उल्लेख गर्दै सो विषयमा कूटनीतिक संवाद गर्न सरकारसँग आग्रह गरे।

नेपालको भूभाग लिपुलेक, कालापानी र लिम्पियाधुरा क्षेत्रलाई नेपालको सहमति बिना नै छिमेकी राष्ट्र भारत र चीनले व्यापारिक केन्द्र बनाउने सहमति आपत्तिजनक रहेको सांसद महेश बस्नेतले बताए भने सांसद राजेन्द्रकुमार केसीले प्रधानमन्त्री ओलीको आसन्न चीन भ्रमणका क्रममा उक्त सम्झौताबारे छलफल हुनुपर्ने र त्यसलाई फलदायी बनाउनुपर्नेमा जोड दिए।

सांसद माधव सापकोटाले तातोपानी नाका पुग्नका लागि अरनिको राजमार्ग अवरुद्ध हुँदा चाडपर्वको मुखमा बजारको भाउ बढ्नसक्ने चर्चा गर्दै उक्त मार्ग खुलाउन पहल गर्नुपर्ने बताए।

यस्तै दाङको घोराहीदेखि प्यूठान जोड्ने सडक जीर्ण रहेकाले त्यसको स्तरोन्नति गर्न सांसद रेखा शर्माको माग गर्दै गर्दा बैठकमा सहभागि सांसदहरूले आ-आफ्ना सरोकारसम्बन्धी विभिन्न विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए।

## मानव बेचबिखन अपराध हो

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद-बिक्री गर्ने र जबर्जस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई बेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानुनविपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद-बिक्री गर्ने,
- बेश्यागमन गर्ने वा गराउने जस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन्।

यस्ता कार्य गर्ने-गराउने व्यक्तिलाई कानुनवमोजिम कारबाही हुन्छ।

यस्तो कार्य कहीँ-कतै भए-गरेको जानकारी भए

नजिकको प्रहरीमा खबर गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# सीमा समस्या समाधानको प्रभावकारी पहल गर्न आग्रह

**काठमाडौं ।** प्रतिनिधिसभा बैठकको विशेष समयमा सांसदहरूले सीमा समस्या समाधानका लागि प्रभावकारी पहल गर्न प्रधानमन्त्री केपी शर्मा ओलीसँग आग्रह गरेका छन्। हालै चीन र भारतबीच भएको व्यापारिक सम्झौताका कारण नेपालको लिपुलेक, लिम्पियाधुरालगायत क्षेत्रका सन्दर्भमा उल्लेख भएको सन्दर्भमा आवश्यक निष्कर्ष निकाल्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका हुन्।

नेपाली कांग्रेसका सांसद सुशीला थिङले प्रधानमन्त्री ओलीको चीन भ्रमणको सफलताको शुभकामना व्यक्त गर्दै सीमा समस्या समाधानका लागि प्रभावकारी पहल गर्न आग्रह गरिन्। प्रतिनिधिसभाको गत शुक्रबारको बैठकको विशेष समयमा आफ्ना धारणा राख्दै सांसद थिङले रास्वपाका सभापति रवि लामिछाने भिजिट भिषामा अमेरिका गएको र नेपाली नागरिकता त्याग गरेको सन्दर्भ जोड्दै सहकारी ठगी, नक्कली प्रमाणपत्रलगायत विषयतर्फ ध्यानाकर्षण गराएकी थिइन्। नेपाल कम्युनिस्ट पार्टी (एमाले) का सांसद पदम गिरीले प्रधानमन्त्री ओलीको चीन भ्रमण मुलुकको गौरव बढाउने सन्दर्भमा महत्वपूर्ण साबित होस् भन्ने कामना गर्दै नेपालको भूमि प्राणभन्दा पनि प्यारो रहेको बताए। प्रधानमन्त्री ओलीले चीन भ्रमणका क्रममा हालै चीन र भारतबीच भएको व्यापारिक सम्झौताका कारण परेको प्रभावका बारेमा प्रष्ट धारणा राख्न माग गरे। नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का सांसद अमनलाल मोदीले उखु किसान सबैभन्दा बढी समस्यामा परेको भए पनि उपयुक्त समाधानका पक्षमा सरकारले कुनै पहल नगरेको आरोप लगाएका थिए। उनले संसदमा किसानले रासायनिक मल नपाएको विषय समेत उठान गरे।

किसान र मजदुरका पक्षमा सरकारले कुनै पनि प्रभावकारी काम नगरेका कारण निराश बढेको सांसद मोदीले बजेट वक्तव्यमा समावेश भएको विषयलाई ध्यान नदिइएको समेत बताए। उनले उखु किसानका माग तत्काल सम्बोधन गर्न सरकारसँग आग्रह गरे।

# संखुवासभामा महिला प्रमुख जिल्ला अधिकारी

**काठमाडौं ।** संखुवासभा जिल्लाले इतिहासमा पहिलो पटक महिला प्रमुख जिल्ला अधिकारी (प्रजिअ)को पाएको छ। सहसचिव सिर्जना थपलियाले संखुवासभाको प्रजिअको जिम्मेवारीमा पाएकी हुन्।

यसअघि प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय सिंहदरबारमा सेवारत थपलिया संखुवासभामा ४८औं प्रमुख जिल्ला अधिकारीका रूपमा पदभार ग्रहण गरिन्। प्रजिअको कार्यभार सम्हालेलगत्तै स्थानीय सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै थपलियाले निजामती सेवामा आफूले हासिल गरेको अनुभवलाई जिल्लाको उन्नयनमा लगाउने जानकारी दिइन्।

'निर्दिष्ट ऐन, कानुनका परिधिभित्र रहेर जिल्लाका सबै राजनीतिक दलका नेता, बुद्धिजीवी तथा नागरिक समाजलगायत सबैसँगको सहकार्यमा तोकिएका जिम्मेवारी पूरा गर्नेछु' कुराकानीका क्रममा उनले भनिन्।

# अविरल वर्षा र बाढीपहिरो : ९ राजमार्ग अवरुद्ध

**काठमाडौं ।** अविरल वर्षाका कारण देशभरका विभिन्न भागमा बाढीपहिरो जाँदा नौवटा राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएका छन्।

बाढीपहिरोका कारण संखुवासभाको भोटखोलास्थित कोशी राजमार्ग, रसुवाको नेपाल-चीन जोड्ने पुल, रसुवाकै पासाङल्हामु राजमार्ग, सिन्धुपाल्चोकको अरनिको राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएको प्रहरी प्रधान कार्यालयले जानकारी दिएको हो। कार्यालयका अनुसार बागलुङको कालीगण्डकी करिडोर, म्याग्दीको बेनी-दरबाङ सडक, रुकुमपश्चिमको जाजरकोट, डोल्पा भेरी करिडोर र दार्चुलाको गोकुलेश्वर-दार्चुला सडक पूर्ण रूपमा अवरुद्ध भएका छन्। यस्तै, तेह्रथुमको मध्यपहाडी लोकमार्ग, रसुवाको उत्तरगया, पासाङल्हामु राजमार्ग र पृथ्वी राजमार्ग एकतर्फी सञ्चालन भएको समेत प्रहरी प्रधान कार्यालयले जनाएको छ।

प्रहरीको केन्द्रीय समाचार कक्षका अनुसार नवलपरासीपूर्वको कालीगण्डकी करिडोर, तनहुँको पृथ्वी राजमार्ग, दाङको राप्ती राजमार्ग र अर्घाखाँचीको सालझण्डी ढोरपाटन सडकखण्ड एकतर्फ सञ्चालन भएको छ।

# सामाजिक सञ्जाल बन्दप्रति माओवादीको आपत्ति

**काठमाडौं ।** प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ले सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णयप्रति विरोध जनाएको छ। संसद भवन परिसरमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले सरकारको उक्त निर्णयप्रति आफ्नो दलले विरोध गर्ने बताएका हुन्।

हालसम्म दर्ता हुन नआएका सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णय आपत्तिजनक रहेको चर्चा गर्दै पाण्डेले सरकारले समयमा काम नगर्दा र सञ्चालन हुने वातावरण नमिलाएका कारण समस्या आएको आरोप समेत लगाए। नियमनको कुरा आवश्यक भए पनि समस्या के हो र कहाँ हो भन्ने पहिचान गर्न जरुरी रहेको जिकिर गर्दै उनले भने 'सरकारले समयमा काम नगर्ने, त्यस्तो वातावरण नबनाउने र अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्न खोजेको छ। यसको हामी विरोध गर्छौं। नियमन गर्ने कुरा आवश्यक छ। तर यसका लागि सरकारले कहाँ समस्या हो, के हो हेरेर बल्ल नियमन गर्नुपर्छ। सामाजिक सञ्जाल बन्द भयो भने देश अस्तव्यस्त हुन्छ।'

सामाजिक सञ्जाल बन्द गर्दा देश अस्तव्यस्त हुने दोहोऱ्याउँदै माओवादीले सरकारले यसबारे ख्याल गर्न सुझाव समेत दिएको छ। 'सामाजिक सञ्जाल बन्द भयो भने देश अस्तव्यस्त हुन्छ' पाण्डेले भने।

प्रकाशक: **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं